वर्ष : २०, अंक : १९, काठमाडौं, २०८१ असोज ४ गते शुक्रबार, **20 September, 2024, Friday** पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित ———— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# संविधानको ९ वर्ष पूरा : असन्तुष्टि झनै बढ्दै

काठमाडौं । नेपालको संविधान २०७२ जारी भएको ९ वर्ष पूरा भई १०औं वर्षमा प्रवेश गरेको छ । यो अवधिमा संविधानप्रति आमनागरिकको अपनत्व बढ्नुको साटो दिनप्रति दिन असन्तुष्टि बढ्दै गएको छ । विश्वकै उत्कृष्ट संविधान बनाएँ भन्नेहरु नै संशोधनकको कुरा गरिरहेका छन् भने संशोधनको पक्षमा रहँदै आएकाहरु अब खारेजीको माग पनि गर्न थालेका छन् ।






यसैबीच, नवगठित दल राष्ट्रिय मुक्ति क्रान्ति नेपालका राष्ट्रिय अध्यक्ष राजेन्द्र महतोले शहीदको वार्षिकी रहेको दिन कसरी संविधान दिवस स्वीकार गर्न सकिने भनी प्रश्न गरेका छन् ।

अध्यक्ष महतोले संविधान दिवसको अवसरमा एक वक्तव्य जारी गर्दै भनेका छन्, '२०७२ असोज ३ गते संविधान जारी भै रहदा एकातिर हर्ष उल्लास मनाइ रहदा अर्को तिर मधेशी वीर सहिदको छातीमा गोली ठोकिएको थियो त्यसकारण आधा देशमा ब्ल्याक आउट गरिएको थियो। अर्थात अहिलेको संविधान रक्तरंजित संविधान हो ।'

पूर्वउपप्रधानमन्त्री समेत रहेका महतोले अहिलेको संविधान रक्तरंजित रहेकोले यसलाई संशोधन गरेर नहुने अब पुनर्लेखन नै गर्नुपर्ने बताएका हुन् ।

'आज हाम्रो अस्तित्व अस्विकार गरेको दिन, हक अधिकार खोसिएको दिन, सहिदहरुको अपमान गरिएको दिन, शान्तिपूर्ण आन्दोलन अस्वीकार गरेको दिन, सहिदको वार्षिकी रहेको दिन त्यसकारण कसरी संविधान दिवस स्वीकार गर्न सकिन्छ ? नौ वर्ष अगाडि हामीले भनेको मुद्दा सिमाङ्कन हेरफेर, नागरिकताको समस्या समाधान, समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, राष्ट्रियसभामा जनसंख्याको आधारमा प्रतिनिधित्व, विभिन्न राष्ट्रिय भाषामा सरकारी कामकाज, अविशिष्ट अधिकार प्रदेशलाई, स्थानीय तह दलविहिन, परिभाषामा सवै राष्ट्रियता समेट्नु पर्ने, अधिकार सम्पन्न प्रदेश, प्रस्तावना सच्याउनु पर्ने लगायत कैयौं माग मुद्दा संविधानमा राख्न आग्रह गरेका थियौं । तर सबै मुद्दा हरुलाई बेवास्ता गर्दै संविधान जारी गरियो र भनियो यो दुनियाको उत्कृष्ट संविधान हो । तर त्यही संविधान जारी गर्ने पक्षले आज संशोधनको कुरा अपरिहार्य भन्दै छन। तर अब संशोधन गरेर मात्र पुग्ने स्थिति छैन । त्यसकारण संविधान पुनर्लेखन हुनु आवस्यक छ।' उनले भनेका छन् ।

अहिलेको एकल राष्ट्रिय राज्यको चरित्रलाई बदलेर नेपाललाई बहुलराष्ट्रिय राज्यको रुपमा घोषणा गर्नु आवस्यक भै सकेको दाबी गर्दै उनले पश्चिमा औपनिवेशीक ज्ञान प्रणालीबाट मुक्त भै पुर्वीय दर्शनको आधारमा स्वदेशी ज्ञान प्रणाली लागु गरिनु आजको प्रमुख कार्यभार भएको बताए ।

स्वदेशी ज्ञान प्रणालीको मर्म अनुरुप सामुदायिक समाजवादी व्यवस्थाले मात्रै अर्थतन्त्रमा तीब्र सुधार ल्याउन सक्ने भएकोले स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवादको मार्गनिर्देशक सिद्धान्त अहिलेको संविधानमा नसमेटिएसम्म हाम्रो विरोध जारी रहि रहनेछ र असोज तिन कालो दिनकै रूपमा यस दिनलाई सम्झिने बताए ।

यसैगरी, आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले अहिलेको संविधान बाहिर हेर्दा नेपालको संविधान भनिएपनि अन्तर्यमा हेर्दा यो दलाल, भगौडा र विदेशीहरुको पक्षपोषण गर्ने संविधान भएको आरोप लगाएका छन् ।

बिहीबार आम जनता पार्टीको भातृ संगठन आईटी आर्मीले आयोजना गरेको 'नेपालको संविधान: समाधान कि समस्या' विषयक अन्तरक्रियालाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै पूर्वमन्त्री साहले अहिलेको संविधानले नेपाली जनताको भाग्य र भविष्य नबनाउने दाबी गर्दै यसको खारेजी गरिनुपर्ने आवश्यकत्ता औंल्याए ।

उनले भने,'यो संविधानले नेपाली जनताको पक्षपोषण गर्दैन् । यसले नेपाली जनताको भाग्य र भविष्यलाई उज्जवल गर्दैन् । यसले नेपाललाई बर्बादमात्रै गर्नेछ भन्ने कुरा यो १० वर्षको घट्नाक्रमले पुष्टि गरिसकेको छ । हामीले पनि हेरिसकेका छौं । कसैले भुलवश यो नेपालको संविधान र नेपालको सरकार नेपालीकै हो भन्ने भ्रममा हुनुहुन्छ भने आजैबाट त्यो भ्रम हटाईदिन आग्रह गर्न चाहन्छु । कसैले नेपालकै सरकार हो भन्यो भने म त्यसलाई सोध्न चाहन्छु-अहिलेको प्रधानमन्त्री केपी ओलीजीसँग सोध्न चाहन्छु-साँच्चै तपाईं नेपालकै प्रधानमन्त्री हो ? नेपाली जनताकै प्रधानमन्त्री हो ? तपाईंको जिउमा नेपालीकै रगत र पसिना छ, यदि छ भने जसले नेपालको नागरिकता त्यागे, उनीहरुको पैत्तिक सम्पत्ति कहाँ छ ? त्यो सोध्न चाहन्छु । हेक्टर हेक्टरका जग्गा बेचेर नेपालीहरुले पैसा अमेरिका, अष्ट्रेलिया लैजान मिल्छ कि मिल्दैन् ? नेपालीहरुको भूभाग, जमिन, पूर्वजले आर्जिएको जमिन अमेरिका लैजान मिल्छ ?

देशमा ७६१ वटा सरकार बनाईएको भन्दै आक्रोश पोखे । उनले संघीय शासन भएका कुनैपनि देशमा तीन तहका सरकार नभएको तथ्यांक पेश गरे । उनले नेपालमा भने तीन टायरको सरकार बनाईएको भन्दै आलोचना गरे ।

उनले नेपालमा शासक वर्गलाई नै आरक्षण दिएको भन्दै आलोचना गरे । उनले अहिले दलतन्त्र र दलका नेताहरू मालामाल भएको र जनता लाचार हुनुपरेको अवस्था रहेको सुनाए । उनले जनताको शासन ल्याउनुपर्ने आवश्यकत्ता औंल्याए । उनले पूरानै दलमा सवार भएर देश र जनताको लागि राम्रो गर्न नसक्ने निश्कर्ष निकालेर आफूले नयाँ दल खोलेर जनताको सेवामा समर्पित भएको बताए ।

## पार्टी अध्यक्ष महन्थ ठाकुर र लोसपा नेपाल मेरो लागि सर्वोपरि हो : सोनल



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष एवं मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलले अध्यक्ष महन्थ ठाकुरको निर्देशन, नीति, नेतृत्व र पार्टीको सिद्धान्त आफ्नो लागि सर्वोपरि रहेको बताएका छन् । मधेशवाणीसँग सोनलले कुराकानी गर्दै, 'लोसपाभित्र कुनै किसिमको विवाद वा असन्तुष्टि छैन । श्रद्धेय अध्यक्ष महन्थ ठाकुरको निर्देशन, नीति र नेतृत्व मेरो लागि सर्वोपरि हो । मेरो लागि पद ठूलो कुरा होइन ।' सोनलले अध्यक्ष ठाकुरकै निर्देशनमा आगामी महाधिवेशनलाई सभ्य र भव्य बनाउन लागिपरेको बताउँदै आगामी दिनमा लोसपालाई मधेशमा व्यापक विस्तार र जनताको पार्टी बनाउन नयाँ उचाइँमा पुऱ्याउन लागिपरेको बताएका हुन् । यसै सन्दर्भमा सदस्यता वितरण अभियान, प्रत्येक वार्ड, पालिका, निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशमा तीव्रताका साथ महाधिवेशनको तयारी भइरहेको उनले बताए । बाहिर हल्ला चलेजस्तो पार्टीभित्र कुनै किसिमको विवाद वा असन्तुष्टि नरहेको प्रष्ट पार्दै पार्टीको अध्यक्ष ठाकुरकै नेतृत्व र पार्टीको सिद्धान्तअनुसार सबै कुरा अगाडि बढिरहेको उनले स्पष्ट पारे ।

## राष्ट्रिय मुक्ति क्रान्तिसहितको बृहत मोर्चाद्वारा विशाल विरोध प्रदर्शन

काठमाडौं । राष्ट्रिय मुक्ति क्रान्ति नेपाल समेत संलग्न रहेको बृहत् मोर्चाद्वारा माइतीघर मण्डलामा विशाल बिरोध प्रदर्शनको आयोजना गरिएको छ।




गैरन्यायिक सडक तथा खोलाको मापदण्ड खारेज गर, बहुलराष्ट्रिय राज्य कायम गर, असोज ३ कालो दिन, दलित अभियानको माग पुरा गर, भ्रस्टाचारीलाई कार्वाही गर, सहकारी पीडितलाई न्याय दे, नेपा: मण्डल कायम गर, स्वदेशवाद जिन्दावाद, राष्ट्रिय मुक्ति क्रान्ति नेपाल जिन्दावाद लगायतको नारा लगाइएको थियो।

कार्यक्रममा राष्ट्रिय मुक्ति क्रान्ति नेपालका अध्यक्ष राजेन्द्र महतो, सुमन सायमी, जुनतारा पुन मगर, बुद्ध छिरिङ मोक्तान, रबिन्द्र कुमार श्रेष्ठ, जितेन्द्र बज्राचार्य, गोपाल किराँती, कुशलव केसी लगायतका वक्ताहरुले आफ्ना भनाईहरु राखेका थिए। राजेन्द्र महतो, सुमन सायमी, केशव झा, रबिन्द्र कुमार श्रेष्ठ , राजिव झा, पुर्व मन्त्री राम नरेश राय, पुर्व मन्त्री ओमप्रकाश गुल्जारी लगायत सबै सडकमा सुतेर उपत्यकावासीलाई घरबारविहिन बनाउने फैसलाको बिरोध गरेका थिए र संविधान जलाएर संविधानको बिरोध गरेका थिए।

## कृषि र उद्योगमा युवा सहभागिता बढाउने प्रतिबद्धता



वीरगन्ज । नेपाल उद्योग परिसंघको युवा उद्यमी मञ्च मधेश प्रदेश च्याप्टरको गठन भएको छ । यस मञ्चको अध्यक्षतामा रजत बजाज चयन भएका छन्, जसमा अन्य पदाधिकारीहरूमा अननन्या रुंगटा (लर्निंग चेयर), दीपक साह (स्टार्ट अप चेयर), आयुषी तुल्स्यान (कम्युनिकेशन एण्ड नेटवर्क चेयर), मोहित खण्डेलवाल (फाइनान्स चेयर) र तनुश्री अग्रवाल (मेम्बरशिप चेयर) रहेका छन्।

वीरगञ्जस्थित आदर्शनगरको होटल लर्डस दियालोमा आयोजित समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले च्याप्टरको उद्घाटन गरे। मुख्यमन्त्री सिंहले कार्यक्रममा कृषि, उद्योग र जनशक्तिको सहयोगमा प्रदेशमा समृद्धि हाँसिल गर्न सकिने बताए। उनले नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चले युवालाई स्वदेशमै स्वरोजगारको अवसर प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। साथै, उनले युवाहरूलाई विदेश पलायन कम गर्न र स्वदेशमै सीपयुक्त बनाउँदै टिकाउन सरकारले मञ्चसँग सहकार्य गर्ने प्रतिबद्धता जनाए। सिंहले मधेश प्रदेशमा 'मुख्यमन्त्रीसँग नीजि क्षेत्र' नामक कार्यक्रमको तयारी अन्तिम चरणमा रहेको जानकारी पनि दिए।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश कुमार अग्रवालले परिसंघले सरकारलाई बजेट निर्माणदेखि नीतिगत सुझाव दिँदै आएको उल्लेख गर्दै, युवा र महिला उद्यमी मञ्चद्वारा उद्यमशीलताको विकासमा उल्लेखनीय योगदान भइरहेको बताए। उनले परिसंघले सञ्चालित 'सीप नेपाल' कार्यक्रमअन्तर्गत ४,३०० युवालाई विभिन्न सीप प्रदान गरेको जानकारी दिए। मधेश प्रदेशका परिसंघ अध्यक्ष प्रमोद कुमार साहले युवा उद्यमीलाई एकीकृत गरी प्रदेशमा सीपयुक्त जनशक्ति उत्पादन गर्न यो मञ्च महत्त्वपूर्ण रहेको धारणा राखे। यसले विद्यमान बेरोजगारी समस्या समाधान गर्न नवाचारमार्फत उत्पादनशक्ति बढाउने योजना अघि सारेको बताए। नवगठित मञ्चका अध्यक्ष रजत बजाजले कार्यक्रमको समापनमा मञ्चको लक्ष्य मधेश प्रदेशको उद्योग र व्यवसायमा उल्लेखनीय योगदान पुर्याउनु रहेको प्रतिबद्धता जनाए।

## संयुक्त मधेश संघर्ष समितिको खबरदारी सभा

जनकपुरधाम । जनकपुरधाममा संयुक्त मधेश संघर्ष समितिले 'मधेश र संविधान संशोधन' मा केन्द्रित भएर खबरदारी सभा गरेको छ ।




तराई-मधेश लोकतान्त्रिक पार्टीको वरिष्ठ नेता संविधानसभा सदस्य डा. विजय कुमार सिंहको सभापतित्वमा भएको उक्त खबरदारी सभामा वक्ताहरुले नेपाली काँग्रेस र नेकपा ऐमालेद्वारा प्रस्तावित भइरहेको संशोधन जनताको समानुपातिक प्रतिनिधित्व र समावेशिताको अधिकार खोस्ने प्रतिगमन हो ठहर गर्दै त्यस्को विरुद्ध कडा संघर्ष गर्ने चेतावनी दिएका छन् ।

उक्त सभामा माओवादी केन्द्रको नेता पूर्वमन्त्री मधेश राष्ट्रिय मुक्ति मोर्चा, नेपालको इन्चार्ज मातृका यादव, पूर्व राष्ट्रिय सभा सदस्य तराई-मधेश लोकतान्त्रिक पार्टीको अध्यक्ष वृषेशचन्द्र लाल, मधेश राष्ट्रिय मुक्ति मोर्चाको संयोजक र संविधानसभा सदस्य जगत प्रसाद यादव, एकीकृत समाजवादीको नेता शीतल झा, नेपाल सद्भावना पार्टीको का. वा. अध्यक्ष रामकुमार महतो, जनाधिकार पार्टीको अध्यक्ष मो. इमदाद गद्दी, पूर्व मन्त्री माओवादी नेता महेन्द्र पासवान, मधेश प्रदेशका पूर्व मन्त्रीहरू भरत साह, ज्ञानेन्द्र यादव, बोधमाया यादव, नेसपाको महासचिव पवन कुमार साह, महोत्तरी गापाको अध्यक्ष दिलिप पाण्डेय, तमलोपाका नेताहरु असगर अली, बिभा ठाकुर र सतीश लाल दासले आ-आफ्नो विचार राखेका थिए ।

तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले सरकारको स्थायित्वको कुरा उठाउँदै के को स्थायित्व भ्रष्टाचार, भूटानी शरणार्थी, सुन तस्करी, ललिता निवास जग्गा घोटाला, गिरीबन्धु टी-स्टेटको जग्गा घोटाला काण्ड वा सहकारीको माध्यमले जनताको पैसा हडप्ने जस्ता कुराहरुको निमित्त स्थायित्व ? भन्ने प्रश्न राखेका थिए ।

उनले शासक समूहहरु वर्चस्वको निमित्त संविधानमा अनुचित संशोधन गरेर जनताले ठूलो संघर्ष गरेर जे जति अधिकार प्राप्त गर्न सकेका छन् त्यसलाई उल्टाउने षडयन्त्र भइरहेको आरोप लगाए ।

लालले भ्रष्टाचार अन्त्य गर्ने, भागबन्डा, भाईभतीजावाद समाप्त गर्ने र विधिको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# मधेशप्रति गम्भीर छन् त मधेशका दलहरू ?

मधेशमा गएर आफ्नो बहादुरीको आख्यान दिन नथाक्ने मधेशका दलहरू सत्तामा रहेर पनि मधेशका मुद्दाहरूलाई सम्बोधन गराउन नसक्दा मधेशलाईृ आफ्नो अकर्मण्यता, कमजोरी देखाएर इमान्दारी प्रदर्शन गर्ने आँट देखाउन सक्छ ? विगतको चूकबाट सचेत भएर पुनश्च मुद्दा सम्बोधन गराउने आँट देखाउन सक्छ यी दलहरू ? के साँच्चै मधेशप्रति गम्भीर छन मधेशका दलहरू भने निश्चय नै मधेशका उपरोक्त मुद्दाहरू सम्बोधन गराउने छन् । होइन भने सीजनल राजनीतिको अविलम्ब पटाक्षेप हुनेछ । दलीय स्वार्थभन्दा माथि उठेर सह-अस्तित्वको आधारमा देशको स्वार्थलाई केन्द्रमा राखेर छलफलको माध्यमबाट सहमती खोजियो भने निश्चय पनि निष्कर्ष निस्किन्छ । देश दिनानुदिन असहज परिस्थितितिर बढ्दै गई रहेको अवस्था छ । मूल्यबृद्धि, भ्रष्टाचार, हत्या, हिंसा, असुरक्षा, अपहरण, अनैतिक घटनाहरू, लुटपाट आदि निर्वाध रूपले बृद्धि भइरहेको छ । राम्रो जीवन स्तरको आशमा नेपाली जनता घोर निराशा, कुण्ठा भोग्न बाध्य भएका छन् । राजनीतिक दलहरूमा अविश्वास यति धेरै मात्रामा बढेको छ कि नजिक भविष्यमा राजनीतिक गतिरोध अन्त हुने कुनै सम्भावना देखिदैन । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संरक्षण गर्ने त के कुरा, तुहाउने नियतले खेलिएको राजनीतिक खेलको अन्त सबैको अस्तित्वको अन्तसंगै हुने हो कि ? देशलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाएर राख्दा कस्तो परिस्थिति आउने भन्ने कुरातिर पनि राजनीतिक दलहरूले ध्यान पुर्‍याउन जरूरी छ । एक त राजनीतिक सहमती बन्न कठीन छ, बनि पनि हाल्यो भने संविधानलाई बचाउन मुश्किल छ । जनपक्षीय संविधान बनाउन पर्याप्त समय चाहिने भएकोले त्यो कुरा अब भने सम्भव देखिएको छैन । त्रुटिपूर्ण संविधान जनतामाथि लादिएकोले यो संविधान संशोधन नभई देश असफलतातर्फ गइरहेको छ । जनताबाट व्यापक छलफल गराएर ल्याइएको सुझावको आधारमा यदि संविधान जनपक्षीय बनाइएको भए अहिले देशले आर्थिकरुपमा कोल्टो फेरिसकेको हुन्थ्यो । संसदका सबभन्दा दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले संविधान संशोधनका लागि सहमति गरे पनि राजनीतिक गतिरोध अन्त्य भएको छैन । सत्ता समीकरण भन्दा फरक सोच मधेशका राजनीतिक दलहरूको पनि छैन । राष्ट्रिय राजनीतिक वृतमा गतिरोध हटाउने सम्बन्धमा, राज्य पुनर्संरचना सम्बन्धमा, संविधान निर्माण सम्बन्धमा मधेशका राजनीतिक दलहरूको भूमिका बिल्कुल गौण रहेको थियो । मधेशमा व्याप्त अराजक स्थितिबारे पनि मौन छ । मधेशको अभिभारा बोक्ने मधेशका राजनीतिक दलहरूले आफ्नो कर्त्तव्यलाई बुझेर मौनता भंग गरेर मधेशका यी अहम सवालमा आवाज उठाउँदै आफ्नो भूमिका प्रदर्शन गर्नु पर्दछ ।

# विरोधाभास परिदृश्यमा संविधान



**निमिष झा**

२०७२ असोज ३ गने जारी भएको नेपालको संविधान २०७२ पहिलो संविधान होइन । यस अघि पनि ६ वटा संविधान लागू भए । तर, जनताले समयक्रमसँगै ती ६ वटै संविधानलाई फालिदिए । २०६२/२०६३ पछिको वृहत जनआन्दोलन पछाडि २०४६ सालको अन्तरिम संविधानलाई पनि आम जनताले फाल्दै गर्दा आफ्नो भाग्यको रेखा आफैं कोर्न ठुलो आशा, अपेक्षा, भरोसाका बीच सडकमा जुरुक्क उठेर परिवर्तन ल्याएका हुन् । नेपालको संविधान २०७२ त्यही आन्दोलनको उपज हो ।

अहिलेका कतिपय नेतृत्वले २०४६ सालको अन्तरिम संविधानलाई पनि संविधानले अपनत्व पाउन सकेको छैन । जुन सबैभन्दा दुर्भाग्यको कुरा हो ।

संविधानका मतभिन्नतालाई निरूपण नगरी संविधान जारी गरेको दिनलाई हर्षोल्लासपूर्वक रूपमा मनाउनु उचित छ र ? के एक दिन भव्यताका साथ उत्सव मनाएर संविधानको धारा उपधाराको औचित्य पुष्टि गर्न सकिन्छ ? किन यो दिन कतै 'उत्साह र हर्षोल्लास' त कतै 'कालो दिन' ? कतै 'दिपावली' त कतै 'मातम' ? कतै 'खुसियाली' त कतै 'रोदन' ? संविधान जारी गर्दा वीरगञ्जमा सुरक्षा निकायको गोलीबाट सहादत भएका परिवारले असोज ३ सम्झिँदा कस्तो मनोभाव छन् । उनीहरूलाई संविधान त चाहियो तर संविधानको अन्तरवस्तु होइन । त्यहि संविधानमा टकेर प्रदेशका मुख्यमन्त्रीदेखि केन्द्रको उपप्रधानमन्त्रीसम्म भए तर अर्को तर्फ त्यही संविधानलाई मान्दिन भन्दै आइरहेका छन् ।

स्वभाविक रूपमा संविधान कुनै बाइवल, कुरान, महाभारत र रामायण होइन कि एक पटक लेखेपछि सधैं रही रहने, परिमार्जनै गर्न नसकिने पनि होइन । नेपालको संविधान जनताको चाहना र आवश्यक्ताअनुसार परिमार्जन गर्दै जाने गतिशील दस्तावेज हो । तर गतिशील बनाउने ढिलाई गरिनु हुन्न भन्नेमा कुनै दुई मत छैन ।

मधेस आन्दोलनका मुख्य अगुवाहरू

मधेश आन्दोलनको रापतापबाट उदाएका मधेश केन्द्रित दलका नेताहरू पछिलो समय मधेशको 'मुद्दा'लाई छाडेर 'एजेन्ट' बनेका छन् । उनीहरूलाई संविधान त चाहियो तर संविधानको अन्तरवस्तु होइन ।




विश्वकै सर्वोत्कृष्ट संविधान भएको दाबी गर्दै गरेका थिए । तर जनताले उनीहरूले दाबी गरेको जस्तो विश्वकै सर्वोत्कृष्ट संविधानलाई पनि खारेज गरे ।

विगतमा ६ वटा संविधान जुन कारणले खारेज भयो, कतै सोही दिशातर्फ पनि वर्तमान संविधान अग्रसर त भइरहेको छैन भन्ने चिन्ता पनि बढेको छ । संविधान जारी भएको एक दशकमा संविधानको विश्वसनीयता कति स्थापित भएको भन्ने मूल प्रश्न हो । संविधानका प्रत्येक धारा र उपधाराले जनताको मनोकांक्षालाई कति समाहित गराउन सफल भएको, त्यो अहम विषय हो । तर आज पर्यन्त यी विषयवस्तुहरूमाथि बहस र छलफल हुन सकेको छैन ।

मधेशी, आदिवासी, जनजाति, थारू, महिला, मुस्लिम, अल्पसंख्यक, पिछडिएका वर्गले विद्यमान संविधानलाई 'चाँदीको घेरा भित्र कालो दाग' को रूपमा दशकौसम्म बुझदै आइरहेका छन् । तर उनीहरूको भावनालाई सत्ता सञ्चालकहरूले गहनतापूर्वक लिन सकेका छैनन् । फलस्वरुप एक दशकसम्म पनि उत्पन्न भएको होला ? त्यो कहालीलाग्दो दिनलाई कसरी सम्झेका होलान् संविधान जारी गर्दा भएका आन्दोलनमा मारिएका परिवारजनहरू ? वास्तवमा यस संविधानप्रति देशको बहुसंख्यक समुदायको अझै ठुलो गुनासो छ । मधेशीहरू अहिले पनि आफूलाई यो संविधानमा ठगिएको महसुस गर्छन् । संविधान जारी भइरहेको बेला मधेशका जिल्लामा प्रहरीले चलाएको गोली लागेर दर्जनौंले सहादत प्राप्त गरेका थिए । मधेशी सहिदको रगतको कात्रोमा बेरिएको संविधानलाई दोष मुक्त गर्न जरुरी छ । आवश्यक्ताको आधारमा संविधान संशोधन गर्ने विषय बारम्बार राजनीतिक वृतमा नउठेको होइन तर त्यो आवश्यक्ता भने महसुस अहिलेसम्म भएको छैन ।

मधेशी समुदायको राष्ट्र, राष्ट्रियता र भावनामाथि प्रहार भइरहँदा स्वयं मधेशी नेता र दल मुकदर्शक रहँदै आए ।

मधेश आन्दोलनको रापतापबाट उदाएका मधेश केन्द्रित दलका नेताहरू पछिलो समय मधेशको 'मुद्दा'लाई छाडेर 'एजेन्ट' बनेका उपेन्द्र यादव, महन्थ ठाकुर र राजेन्द्र महतोहरू मधेश प्रदेश सरकारदेखि सङ्घीय सरकारमा समेत कुर्सी ओगट्न भ्याए । यता सीके राउतले प्रदेशदेखि केन्द्र सरकारमा छन् । उता थारूहरू आफ्ना निर्वाचित सङ्घीय सांसद रेशम चौधरीको नेतृत्वमा छन् ।

सानो स्तरमा संविधान दिवसलाई कालो दिवस मनाउनेहरू अहिले पनि छन्, तर मधेशका मुख्य राजनीतिक शक्तिहरू संविधानको प्रयोग गर्दै दलीय र व्यक्तिगत लाभ लिनेमा बढी केन्द्रित रहे ।

संविधान जारी भएको पहिलो निर्वाचन अघि उपेन्द्र, महन्थ र राजेन्द्रहरू भन्थे-प्रदेशमा सङ्घीयता कार्यान्वयनको कार्यभार पूरा गर्छौं र सङ्घीय संसद्मा संविधान संशोधनका लागि दबावमूलक राजनीति गर्छौं । तर दुई वटा निर्वाचन प्रयोग गरेर उनीहरू संविधानबमोजिम सत्ता र सरकारमा त गए तर जनतालाई संविधान दिन भने चुके । यहीँबाट मधेसी राजनीतिक शक्तिको रापताप खस्किँदै गएको छ ।

तर मधेसी आन्दोलनसँग जोडिएको राजनीतिक शक्तिको प्रभाव कम हुँदै जानुको अर्थ संविधानको स्वीकार्यता बढ्नु भने पनि होइन ।

मधेशका दुई शक्ति जसपा-नेपाल र लोसपा दुवैले संविधानप्रति द्वैधचरित्र देखाइरहेका छन् । जसपा नेपालले संविधान मान्छौं पनि भन्न सक्दैन किनभने हिजो विरोध गरेको थियो र मान्दिनँ पनि भन्न सक्दैन किनभने उसलाई सत्ताको भूत सवार छ । ठिक यस्तै लोसपाको अवस्था पनि छ ।

सत्ताभन्दा बाहिर कालो दिन भनेर विरोध गर्ने र सत्तामा जाँदा मौन बस्ने प्रवृत्तिले मधेशसमा संविधानप्रति विरोधाभासपूर्ण स्थित देखिएको हो ।

संविधानमा मधशी जनताले आफ्नो भविष्य खोजेका छन् । संविधानमा द्वन्द्वको व्यवस्थापन खोजेका छन् र सुरक्षा तथा समृद्धि खोजेका छन् । यी विषयहरू त संविधानको प्रस्तावनामै छन् तर पनि शासकवर्ग र शासित समुदायबीच ठूलो खाडल छ । त्यसकारण संविधानलाई संशोधन गरेर जीवन्त बनाउन सकिएन भने देश दुर्घटनामा पर्न सक्छ ।

# हाम्रो सभ्यता र संस्कृतिअनुसार राष्ट्रिय शिक्षा नीति बन्नुपर्ने : नेता सिंह

काठमाडौं । राष्ट्रिय मुक्ति क्रान्तिका नेता कौशल कुमार सिंहले हाम्रो सभ्यता र संस्कृतिअनुसार राष्ट्रिय शिक्षा नीति बन्नुपर्ने बताएका छन् । त्रिभुवन युनिवर्सिटीको सेडा हलमा राष्ट्रिय मुक्ति क्रान्तिले शनिबार आयोजना गरेको संवादात्मक कार्यक्रममा नेता सिंहले देश एकल भएको र एक पक्षीय रुपले मात्र देश संचालन गर्ने गरेकाले देशमा समस्या रहेको बताएका हुन् । पश्चिमा सभ्यताले शिक्षा क्षेत्रमा ल्याएको विकृतिलेले हाम्रो सभ्यता र संस्कृतिमाथि प्रहार गरेको भन्दै नेता सिंहले अब देश बहुल राष्ट्रिय राज्यमा र हाम्रो सभ्यता र संस्कृति अनुसारको राष्ट्रिय शिक्षा नीति बन्नु पर्ने धारणा राखे । उनले अहिलेको शिक्षाले जुन आवश्यकता सृजना गरेको छ त्यो आवश्यकताको पूर्ति देशभित्र यूवाहरुले पाउन नसक्दा विदेशिने गरेको बताए ।

नेता सिंहले देशमा राष्ट्रिय मुक्ति क्रान्ति गर्न सबै एकजुट हुनुपर्ने र विद्यार्थीहरुले आफ्नो भविष्यको लागि अहिलेका ठग, बेइमान, दलाल नेताहरुसँग प्रश्न गर्न सक्नुपर्ने बताए ।

राष्ट्रिय मुक्ति क्रान्तिका विद्यार्थी इन्चार्ज पंकज देवको सभापतित्वमा सम्पन्न कार्यक्रमले पुरुषोत्तम दासको संयोजकत्वमा ११ सदस्यीय ईकाइ समिति गठन गरेको छ । समितिको सदस्यहरुमा रविन्द्र यादव, विन्देश्वर कुमार साह, राजेश दास, संदीप दास, रजनीश कुमार महतो, लक्ष्मण साह, रमेश कुमार महतो, रोहित यादव र सतीश साह तेली रहेका छन् । यो समितिले आगामी दिनमा वृहत समिति गठन गरी संगठन विस्तार गर्ने संयोजक दासले बताए ।

# त्रुटिहरुलाई ऋषिमनले संशोधन गरियो भने संविधानको भविष्य हुन्छ



डा.सुरेन्द्र झा

नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**० तपाइँहरु संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउँदै आउनुभएको छ । अहिले पनि संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउनु कतिको सान्दर्भिक छ ?**

– हामीले संविधान दिवसलाई कालो दिवस किन भन्ने गरेका छौं भन्ने कुरा महत्वपूर्ण हो । जुन दिन नेपालको संविधान २०७२ घोषणा भयो, त्यो दिन लाखौं मधेशी आन्दोलनकारीहरु सडकमा हुँदा प्रहरीद्वारा दमन भयो । त्यो बर्बर दमनको कारणले त्यहीं दिन गोली लागेर हाम्रा मान्छेहरुको मृत्यु भएको छ । हामी शोकमा रहँदा त्यहीं दिन संविधान घोषणा हुँदा हामीले त्यो दिन कसरी सम्झिने ? त्यो दिन त हामीले आफन्त गुमाएका छौं, आन्दोलनकारीहरु माथि गोली प्रहार भएको छ । त्यसकारणले हामीले आफ्ना गुमाएको, हामीमाथि दमन भएको दिन सदाका लागि कालो दिन नै हो । जुन-जुन कारणले यो संविधान त्रुटिपूर्ण छ, यो संविधानले लिखितरुपमा विभेद गरेको छ, त्यो विभेदको विरुद्धमा हामीले संघर्ष गर्दै आएका छौं । यो संविधानले राजनीतिक स्थायीत्व दिँदैन, राष्ट्रिय एकतालाई मजबुत गर्दैन त्यसकारणले संविधान संशोधन आवश्यक छ भनेर भन्यौं । अहिलेको सत्ता गठबन्धन नेपाली कांग्रेस र एमालेले संविधान संशोधन आवश्यक छ भनेरै उहाँहरुले सहमति गर्नुभयो । हामीले उठाउँदै आएको मुद्दामा देश अहिले आएको छ । त्यसकारणले यसको सान्दर्भिकता छ । हामीले आफन्त गुमाएका छौं, आन्दोलनकारी साथीहरुको हत्या भएको छ । त्यसैले यसलाई सम्झिँदा हामीले कसरी दीपावली मनाउने ? भन्ने प्रश्न उठ्छ ।

**० कहिलेसम्म संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउने ?**

– मधेशी आन्दोलनकारीको हत्या किन भयो, जनता किन सडकमा आए ? तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जनता आन्दोलित भएका थिए । भनेपछि आन्दोलनका केही एजेण्डाहरु थिए । यो संविधानमा त्रुटि भयो, हामीले गम्भीर असहमति राख्यौं । हाम्रा असहमति रहून्जेल हाम्रो लागि यो कालो दिनको रुपमा रहन्छ । जुन दिन हाम्रा मागहरु सम्बोधन हुन्छ, जुन हामीले संविधानमा समानताको प्रत्याभूति गर्न सक्छौं, त्यो दिनदेखि मात्रै हामीले दीपावली मनाउने परिस्थिति निर्माण हुन्छ ।

**० तपाइँहरुले यो संविधान कालो हो भन्ने तर यहीं संविधानको शपथ खाएर सत्ताभत्ताको पनि उपभोग गर्दै आउनुभएको छ । तपाइँहरुको यो दोहोरो चरित्र हो भन्ने आरोपहरु छन् नि ?**

– दुई प्रकारका मान्छेहरुले यस्ता प्रकारका कुरा गरिरहेका छन् । एउटा केन्द्रीय सत्तामा हावी भएको समूह छ, उसलाई कहिल्यै पनि मधेशी नागरिकहरु राज्यसत्ता सञ्चालनमा सहभागी होस् भन्ने चाहना छैन । उसले यी कुराहरुलाई प्रचारमा ल्याएका छन् । अर्को, लघुताभास भएका मान्छेले पनि यो कुरा भन्छन् । हामी पृथकतावादी आन्दोलन गरेका होइनौं । हामी शान्तिपूर्ण संघर्ष गरेको संसदीय शक्ति हौं । तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चालाई सम्झिनुभयो भने आज त्यसको अवशेषको रुपमा दुईटा मूल पार्टी छन्, एउटा उपेन्द्र यादवले नेतृत्व गर्नुभएको जसपा नेपाल र अर्को महन्थ ठाकुर नेतृत्वको लोसपा नेपाल । हामीले त्रुटिपूर्ण कुराहरुलाई सच्याउनुस्, देशको विविधतालाई सम्मान गनुस् भनेका छौं । त्यो भनेर हामीले यदि सत्ता सञ्चालनमा प्रतिनिधित्व नगर्ने हो भने हामीसँग के विकल्प रहन्छ ? या त मुलुकको मूल कानूनको रुपमा संविधान लागू हुनु भएन, यदि लागू हुने हो भने यही संविधानअनुसार हामीले आफ्नो स्पेस खोज्ने हो ।

**० विगत सात दशकमा नेपालको यो सातौं संविधान हो । यो संविधान पनि दशौं वर्षमा प्रवेश गरेको छ । यो संविधानको आयु अब कति देख्नुहुन्छ ?**

– जसले यो संविधान निर्माण गर्दा डम्फु पिटे कि यो संविधान विश्वको उत्कृष्ट हो, त्यहीं भन्दै हिंड्ने पार्टीहरु अहिले पुर्पुरोमा हात राखेर संशोधनको कुरा गरिरहेका छन् । भनेपछि यो संविधान त उत्कृष्ट संविधान होइन रहेछ । जुन दिन स्व.सुशील कोइराला संसदमा संविधान प्रस्तुत गर्नुभयो सँगसँगै संशोधन प्रस्ताव पनि दर्ता गर्नुभयो । त्यसैले संविधान बनाउने बेलामै निकृष्ट काम भइरहेको छ, गलत काम भइरहेको छ, जनतालाई ढाँटिरहेको छ भन्ने कुरा बनाउने मान्छेहरुलाई थाहा थियो । त्यसैले बनाउने मान्छेहरुले नै यो त्रुटिपूर्ण संविधान छ भनेर बुझिसके । हामीले उठाउँदै आएको एजेण्डा आज मुलुकको एजेण्डा भएको छ कि यो संविधान त्रुटिपूर्ण छ । अब गोही आँशु बगाउने होइन, त्यसलाई स्वीकार गरेर संसदभित्र रहेका राजनीतिक शक्तिहरु त्रुटिहरुलाई निराकरण गर्न ऋषिमनले अगाडि बढ्यो भने यो संविधानको भविष्य हुन्छ । अझै पनि जालझेल, टिकडम, षड्यन्त्र गरेर यदि नागरिकलाई विभाजन गर्न खोजियो भने यो संविधानले मुलुकलाई अगाडि लिएर जान सक्दैन ।

**० कांग्रेस-एमालेले सहमति गरेको संविधान संशोधनमा तपाइँहरुको एजेण्डा पनि सम्बोधन हुन्छ भन्नेमा आशावादी हुनुहुन्छ ?**

– लोकतन्त्रमा सम्वादको विकल्प गहन सम्वाद नै हो । विश्वास लाग्नुको दुईटा आधार छन् । तत्कालीन कांग्रेससहितको प्रचण्ड नेतृत्वको सरकारले संविधान संशोधनका लागि विधेयक प्रस्तुत गर्दा विफल भयो, त्यसको मुख्य कारक एमाले थियो । त्यसपछि खोलामा धेरै पानी बगिसकेको छ । पछि केपी शर्मा ओली प्रधानमन्त्री बन्नुभो, संविधान संशोधन आवश्यक छ भनेर टास्क फोर्स गठन गर्नुभो । उहाँले मधेश आन्दोलनकारीहरुमाथि लागेको मुद्दा फिर्ता लिनुभो । उहाँले नागरिकता विधेयक ल्याउनुभयो । भनेपछि हामीले केपी शर्मा ओलीसँग पनि सहकार्य गरेका छौं, उहाँले पनि हाम्रो मुद्दाहरुलाई स्वीकार गरे अगाडि बढाउनुभएको छ । अहिले पनि उहाँ सरकारको नेतृत्वमा हुनुहुन्छ, यो गठबन्धनमा पनि हामी सँगै छौं । कांग्रेससँग हामी गठबन्धन गरेर चुनाव लड्यौं । त्यसकारणले हामीलाई विश्वास छ कि अहिलेको सत्ता गठबन्धनसँग समझ, बुझ र संख्या पनि छ । प्रमुख प्रतिपक्ष माओवादी केन्द्र रहेको छ । हाम्रो भनेको माओवादी केन्द्रको पनि हो । त्यसैले अग्रगमनकारी मुद्दाहरुमा माओवादी केन्द्रले पनि फरक मत राख्न सक्दैन । त्यसैले हामीलाई विश्वास छ कि हामीले भनेजस्तो संविधान संशोधन हुन सक्छ ।

**० तर, माओवादी केन्द्रले नै कांग्रेस एमालेको संविधान संशोधनप्रति आशंका गर्दैछ नि ?**

– यो स्वागतयोग्य विषय हो । माओवादी केन्द्र अहिले संसदको प्रतिपक्षमा छ । हाम्रो मुलुकमा गणतन्त्र आउन माओवादी केन्द्रको धेरै ठूलो योगदान छ । माओवादी केन्द्रले जति शंका गरिरहेको छ, यसले प्रतिगमनतिर नजाओस् भन्ने कुरा हाम्रो लागि राम्रो कुरा हो । संविधान संशोधन गर्ने भनेको प्रतिगमनका लागि होइन नि । त्यसैले माओवादी केन्द्रको खबरदारीलाई हामीले सकारात्मक रुपमा लिएका छौं र माओवादी केन्द्र अग्रगामी एजेण्डामा हाम्रो साथमा रहनेछ ।

**० एमालेका केही नेताहरुको अभिव्यक्तिमा दुई दलीय व्यवस्था, समानुपातिक प्रणाली खारेज लगायतका कुराहरु सुनिदैछ नि ?**

– कुनै नेताले कुनै विचारधारा राख्दा ती उहाँहरुको व्यक्तिगत धारणा हो । यसमा आत्तिहाल्नुपर्ने स्थिति छैन । संविधान संशोधन सन्दर्भमा जब हामीले एजेण्डा राखेर टेबल टक गर्छौं, त्यसपछि विषयवस्तु प्रस्तुत हुने हो । नेपाली कांग्रेस निरन्तर बहुलवाद र बहुदलीय प्रणालीका लागि संघर्ष गरेको पार्टी हो । कांग्रेसको मूल नीति नै त्यहीं छ । त्यसैले मलाई लाग्दैन कि कांग्रेस त्यतातिर जान सक्छ । जहाँसम्म नेकपा एमालेका नेताहरुको भनाइ छ, यहाँ नीतिमा समस्या छैन, नियतमा खोट रहेको कारण समस्या आएको हो । यो मुलुक विविधतायुक्त मुलुक हो । बहुलवाद र बहुदलीय प्रणालीमा प्रहार गर्न खोजियो भने उहाँहरुसँग हाम्रो द्वन्द्व हुन सक्छ ।

# हाम्रो मिशन ८४ होइन, मिशन ८३ हो



सन्तोष मेहता

नेता, राष्ट्रिय मुक्ति क्रान्ति नेपाल

**० तपाइँहरुले एउटा परित्याग गरेर अभियान सुरु गर्नुभयो र अहिले त्यो अभियानलाई पार्टीमा परिणत गर्नुभयो, किन ?**

– हाम्रो कार्यदिशामै स्पष्टरुपमा भनिएको थियो कि हाम्रो क्रान्ति वा आन्दोलन तीन चरणमा पार गरिनेछ । एउटा अभियान, दोस्रो संघर्ष र तेस्रो विद्रोहको चरण हुनेछ । अभियान त निरन्तर जारी पनि रहनेछ । तर, संघर्षको चरणमा प्रवेश गरिरहँदा एउटा पार्टीको आवश्यकता पर्छ । हामी लोसपामा हुँदा पनि अभियान चलेकै हो । लोसपाले नै संघर्षको नेतृत्व गर्नुपर्छ भनेर तत्कालीन वरिष्ठ नेताले प्रयास गर्नुभएकै हो, तर त्यो अवस्था त्यहाँ देखिएन । संघर्ष त टाढाको कुरा हो, पार्टी र संगठन नै चलाउन सक्ने अवस्था देखिएन । अभियानलाई अझ घनिभूत तरिकाले चलाउनका निम्ति अभियानको थालनी गऱ्यौं । अब हामी संघर्षको चरणमा प्रवेश गर्दैछौं ।

**० अभियानलाई ६ महिनामै पार्टीमा परिणत गर्नुपर्ने त्यस्तो परिस्थिति कसरी आयो ?**

– हामीले करिब ६ महिनासम्म देशव्यापीरुपमा विभिन्न कार्यक्रमहरु गऱ्यौं, जनताका बीचमा गयौं र आमजनताको भावना भनेको एउटा वैकल्पिक राजनीतिक शक्तिको रुपमा आउनुपर्छ भन्ने कुरा हामीले पायौं । किनभने पार्टीको विकल्प भनेको पार्टी नै हो । हामी शान्तिपूर्ण सशक्त क्रान्तिको परिकल्पना गरेका छौं । अहिले भएभरका सबै पार्टीहरु ठिक भएन, तिनीहरुको विकल्पमा एउटा पार्टी चाहियो भन्ने भावनाअनुसार हामीले पार्टी बनाउनु परेको हो । संघर्षका निम्ति पनि पार्टी चाहियो र विकल्पका निम्ति पनि पार्टी नै चाहियो । धेरैले इच्छा राखेकोले हामी पार्टी बनाउनुपर्ने अवस्थामा पुग्यौं ।

**० अन्य पार्टीहरुभन्दा राष्ट्रिय मुक्ति क्रान्ति नेपाल कुन अर्थमा फरक वा विकल्प हो ?**

– यो पार्टी भनेको निर्वाचन आयोगमा दलहरुको संख्या बढाउनका लागि मात्रै होइन । यो पार्टी भनेको क्रान्तिकै स्वरुप हो । जनताको क्रान्ति गर्ने एउटा प्लेटफर्म हो । अहिलेसम्म भएका सम्पूर्ण पार्टीका सिद्धान्त, दृष्टिकोण, विचार, कार्यक्रम, योजनाभन्दा फरक हाम्रो क्रान्ति हो । हामीले पूर्वीय सभ्यतामा आधारित सांस्कृतिक सापेक्षतावादको दर्शनलाई अगाडि बढाएका छौं । त्यो दर्शनअनुकूल स्वदेशवाद, बहुल राष्ट्रवाद र सामुदायिक समाजवाद सिद्धान्त परिकल्पना गरेका छौं । यहाँ भएका तमाम पहिचानवादीहरु राज्यको उपनिवेशको शिकार भए । यो उपनिवेशबाट मुक्तिका निम्ति हामीले यो क्रान्ति अगाडि बढाएका हौं । त्यसकारणले अहिले भएका जति पार्टीहरु छन् अथवा पोपुलिष्ट मोभमेन्टहरु छन् तिनीहरुभन्दा एकदमै फरक र उन्नत ढंगले राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढेको छ । यो वैचारिक, ज्ञानको क्रान्ति हो र उपनिवेशबाट मुक्त हुने क्रान्ति पनि हो । त्यसकारणले यो स्वतन्त्रताको क्रान्ति हो ।

**० तपाइँको पार्टी अध्यक्ष राजेन्द्र महतो सद्भावनादेखि अहिलेसम्म नेतृत्वमै हुनुहुन्छ, पार्टीको नाम मात्रै परिवर्तन भएको देखिन्छ । उहाँको नेतृत्वमा बहुल राष्ट्रिय राज्य स्थापना हुन्छ भन्ने कसरी विश्वास गर्ने ?**

– वास्तवमा दल परिवर्तन भयो तर उहाँको दृष्टिकोण परिवर्तन भएको छैन । आजको राष्ट्रिय मुक्ति क्रान्तिको संघर्ष भनेको हिजो दिनमा उहाँले पहिचानमा आधारित जुन संघर्ष गर्नुहुन्थ्यो त्यसैको आधारमा हामी भनिरहेका छौं कि उहाँले नेतृत्व गर्न सक्नुहुन्छ । दल मुख्य कुरा होइन, त्यो साधन हो । त्यसकारणले राष्ट्रिय मुक्ति क्रान्ति गर्नका लागि जस्तो नेतृत्व चाहिन्थ्यो, त्यो नेतृत्व गर्न सक्ने क्षमता राजेन्द्र महतोमा मात्रै छ ।

**० लोसपामा हुँदा राजेन्द्र महतो नै अबको नेतृत्व हुनुहुन्थ्यो, उहाँले पार्टी नै छोडेर किन नयाँ पार्टी बनाउनुपर्ने आवश्यक भयो ?**

– राजेन्द्र महतोले राष्ट्रिय मुक्ति क्रान्तिको घोषणा गर्दै गर्दा भन्नुभएको थियो कि यो अभियान कुनै एउटा व्यक्ति, पार्टी, समुदाय, राष्ट्रियताबाट सम्भव छैन । लोसपाबाट पनि राष्ट्रिय मुक्ति क्रान्ति सम्भव छैन भनेरै उहाँले एउटा नयाँ अभियानको घोषणा गर्नुभयो । हामीले अहिले पनि आह्वान गरेका छौं किन राष्ट्रिय मुक्ति चाहनेहरु यसमा गोलबन्द हुनुस् । सबै अधुरा क्रान्तिहरुलाई पूरा गर्नु छ, त्यसका लागि राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढेको छ । यसमा सबैलाई हामीले आह्वान पनि गरेका छौं ।

**० तपाइँहरुले पार्टी घोषणा गरिसकेपछि अब मिशन ८४ को तयारी हुनुहुन्छ होला ?**

– हैन, हाम्रो मिशन ८४ होइन, मिशन ८३ हो । हामीले चुनावको तयारी होइन, क्रान्तिलाई सफल बनाउने तयारीमा छौं । हाम्रो राष्ट्रिय मुक्ति क्रान्ति सफल भएपछि मात्र चुनाव हुन्छ । निर्वाचन आयोगमा दल दर्ता गर्नुभनेको चुनावको तयारी होइन ।

**० भनेपछि २०८३ सम्म नेपालमा बहुलराष्ट्रिय राज्य स्थापना हुन्छ ?**

– हो । त्यही लक्ष्यअनुसार राष्ट्रिय मुक्ति क्रान्ति नेपाल अगाडि बढ्छ ।

**० संविधान दिवसलाई तपाइँहरुले पनि कालो दिन भन्नुभयो, किन ?**

– हामीले यो संविधान नै सबै समस्याको जड हो भनेर कालो दिवस मनायौं । यो औपनिवेशिक संविधान हो, यसले नेपाली जनतालाई उपनिवेश बनाएको छ । यहाँका तमाम राष्ट्रियताहरु उपनिवेश भएका छन् । त्यसकारणले उपनिवेशकारी विकासको संरचनाले विनाश मात्रै ल्याउँछ । सत्ताधारी दलले पनि यो संविधानले काम चल्दैन भनेर संशोधनको कुरा गरिरहेको छ । अहिलेको संविधानको विरुद्धमा सारा नेपाल नै छ भन्ने बुझ्नुपर्छ । हाम्रो दृष्टिकोण भनेको यो संविधानलाई अब संशोधन होइन, परिवर्तन नै गर्नुपर्छ । यो संविधान खारेज गरेर अर्को संविधान बनाउनुपर्छ । यहाँको स्वदेशवादमा आधारित संविधान बनाउनुपर्छ । यो संविधान भनेको पश्चिमाहरुको नक्कल गरेर बनेको संविधान हो ।

**० यो संविधान संशोधन होइन, खारेज गर्नुपर्ने पक्षमा राष्ट्रिय मुक्ति क्रान्ति नेपाल हो ?**

– यो संविधानको एक वा दुई ठाउँमा त्रुटि छैन, धेरै ठाउँमा त्रुटिहरु छन् । केही राम्रा कुराहरु पनि छन् तर धेरै धाराहरु परिवर्तन गर्नुपर्ने आवश्यकता छ । यो संविधानको मूल चरित्र नै परिवर्तन गर्नुपर्ने अवस्था छ । अब नयाँ संविधान नै चाहिन्छ ।

**० नेपालमा हरेक १०-१२ वर्षमा एउटा-एउटा संविधान बन्दै आएको छ । ७-८ दशकको अवधिमा यो सातौं संविधान हो । यो संविधानको पनि दशौं वर्ष प्रवेश भएको छ । भनेपछि यो संविधान पनि आयु अब अन्त्यतिर हो ?**

– हो, यो संविधान अन्तिम श्वास लिँदैछ । प्रत्येक दश वर्षमा आन्दोलन पनि हुने गरेको छ नेपालमा । अबको क्रान्तिपछि जुन संविधान बन्छ, त्यसले सबै समस्याको समाधान गर्छ । त्यो संविधान नेपाली जनताले बनाउँछन् । हाम्रो पूर्वीय सभ्यताको आधारमा नयाँ संविधान बन्छ, त्यो संविधानले विश्वलाई नयाँ दिशा दिन्छ । त्यो दिशामा हाम्रो राष्ट्रिय मुक्ति क्रान्ति नेपाल अगाडि बढेको छ ।

# सरकारको साझा संकल्प तथा नीतिगत प्रतिबद्धता



२०८१ असार १७ गते नेपाली कांग्रेस र नेकपा (एमाले) बीच संयुक्त सरकार निर्माणका लागि सम्पन्न ७ बुँदे सहमतिमा व्यक्त राष्ट्रिय हितको रक्षा, संविधानको कार्यान्वयन र विकास, राजनीतिक स्थायित्व, सुशासन, गतिशील अर्थतन्त्र, विकास निर्माणमा तीव्रता र आर्थिक समृद्धि लगायतका जनचाहनालाई सम्बोधन गर्ने संकल्पका साथ यो नीतिगत प्रतिबद्धता सार्वजनिक गरिएकोछ -

**१. राष्ट्रिय हितकोरक्षा तथा स्वतन्त्र परराष्ट्र नीति**

नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा वाह्य सम्बन्ध सञ्चालनको मूलमन्त्र हुनेछ ।

राष्ट्रहितलाई सर्वोच्च प्राथमिकतामा राखेर दुबै छिमेकी सहित सबै मित्र राष्ट्रहरुसँगको बहुआयामिक कुटनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र व्यापारिक सम्बन्धलाई अझ घनिष्ट र प्रगाढ बनाउँदै सार्वभौमिक समानताका आधारमा सन्तुलित, विश्वासिलो, सुसब्गत र पारस्परिक हित एवं समान लाभमाथि आधारित विदेश सम्बन्ध सञ्चालन गरिनेछ । छिमेकी मित्र राष्ट्रहरुसँग द्विपक्षीय चासोका विषयहरु असल छिमेकीपनको मर्म र कुटनीतिक माध्यमबाट गरिनेछ ।

संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीति अवलम्बन गरिनेछ ।

नेपालको विकास आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर छिमेकी लगायत मित्र राष्ट्रहरु तथा बहुपक्षीय विकास साझेदारहरुसँग आर्थिक कुटनीतिमार्फत् वैदेशिक सहायता अभिवृद्धि गरी बलियो आर्थिक साझेदारी विकास गरिनेछ ।

**२. संविधानको रक्षा, कार्यान्वयन र संशोधन**

ऐतिहासिक संविधानसभाबाट नेपालको संविधान निर्माण गर्न निर्णायक भूमिका खेलेका पार्टीहरुको हैसियतले यस संविधानको रक्षा, कार्यान्वयन र विकासको मुख्य दायित्व पनि हाम्रै हो भन्ने जिम्मेवारी बोधका साथ संविधानको पूर्ण र सफल कार्यान्वयन गरिनेछ ।

संघीयता कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्दै राज्यका निकाय बीच अन्तर-समन्वयलाई प्रभावकारी बनाइनेछ । संघीय निजामती ऐन, शिक्षा ऐन र प्रहरी समायोजन लगायत बाँकी ऐनलाई अविलम्ब निष्कर्षमा पुऱ्याइनेछ । संविधान कार्यान्वयनको समग्र अवस्था, प्राप्त उपलब्धि र कमी कमजोरी तथा बाँकी कामहरुका सम्बन्धमा वस्तुनिष्ठ समीक्षा गरिनेछ । समीक्षाका निष्कर्ष तथा प्राप्त अनुभवहरुका आधारमा राजनीतिक स्थायित्वको मुख्य राष्ट्रिय चासोर आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर राजनीतिक पार्टीहरु, नागरिक समाज, वौद्धिक समुदाय, संविधानविद् र आम जनतासँग समेतको छलफल, संवाद र परामर्शबाट वृहत्तर सहमतिका आधारमा संविधान संशोधन गरी संविधानप्रतिको जनताको स्वामित्व र अपनत्व थप विस्तार गरिनेछ।

संविधान संशोधनका माध्यमबाट लोकतान्त्रिक गणतन्त्र तथा संघीय र समावेशी शासन प्रणाली लगायत २०६२/६३ को जनआन्दोलनका उपलब्धिहरु तथा संविधानका आधारभूत स्तम्भहरुलाई थप संस्थागत र सुदृढ गरिनेछ ।

**३. सुशासन र गुणस्तरीय सेवा प्रवाह**

लोकतान्त्रिक मूल्यमान्यता, संविधानको मार्गदर्शन, विधिको शासन, जवाफदेहिता, स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणका सिद्धान्त, प्रेस स्वतन्त्रता तथा मानव अधिकारको सम्बर्द्धन र प्रबर्द्धनका आधारमा सरकार सञ्चालन हुनेछ ।

सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय सुधार, सुशासन प्रवर्द्धन र अनुकूल व्यावसायिक वातावरण निर्माणमा वाधा पुऱ्याइरहेका कतिपय असान्दर्भिक नीति तथा कानुनहरु परिमार्जन गरिनेछ । सार्वजनिक सेवालाई छरितो, प्रभावकारी र सुलभ बनाउन आधुनिक प्रविधिको अधिकतम प्रयोग गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।

भ्रष्टाचार, आर्थिक अनियमितता, अख्तियारको दुरुपयोग जस्ता सार्वजनिक चर्चामा रहेका सबै काण्डहरुको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानवीन गरिनेछ । विधिको नजरमा सबै समान हुनेसिद्धान्त र जुनसुकै ओहदाको भए पनि भ्रष्टाचारीहरु अवश्य दण्डित हुन्छन् भन्ने मान्यता स्थापित गरिनेछ । सार्वजनिक ओहदालाई जनसेवाका माध्यमका रुपमा विकास गर्न सार्वजनिक प्रशासनमा जवाफदेहिता सुनिश्चित गरिनेछ ।

भ्रष्टाचार नियन्त्रणका लागि स्थापित संवैधानिक अंग तथा अनुसन्धान तथा अभियोजनको दायित्व बोकेका संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ । संविधान र कानुनले तोकेको दायित्व निष्पक्ष, भयरहित र बिना दबाब एवं प्रभाव सम्पन्न गर्न अनुकूल वातावरण निर्माण गरिनेछ । सगठन संरचनाहरुमा कायम रहेको दोहोरोपना हटाई चुस्त र मितव्ययी बनाइनेछ ।

संसदीय छानबिन समितिको प्रतिवेदन र सिफारिसका आधारमा सहकारी क्षेत्रको नियमनका लागि अधिकारसम्पन्न नियामक निकाय गठन गर्ने लगायत कदमहरुका माध्यमबाट सहकारी समस्याको समाधान गरिनेछ । सहकारी वचतकर्ताहरुको रकम अपचलनमा संलग्न दोषीहरुलाई कानुनी कार्बाही गर्दै वचतकर्ताहरुको रकम सुरक्षित फिर्ता हुने कुरा सुनिश्चित गरिनेछ । लघुवित्त संस्थामा देखिएका समस्या समाधान गरिने छ । साथै अनुचित लेनदेनसम्बन्धी समस्याको कानुन बमोजिम शीघ्र समाधान खोजिनेछ ।

**४. गतिशील अर्थतन्त्र र विकास**

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट संसदबाट पारित भइसकेको पृष्ठभूमि र त्यसले सिर्जना गरेको सीमालाई समेत ध्यानमा राख्दै सुधारका हरसम्भव उपाय अबलम्बन गरिनेछ ।

दिगो र फराकिलो आर्थिक वृद्धि सुनिश्चत गर्न वित्त र मौद्रिक नीतिलाई एकअर्काको परिपुरक हुनेगरी सञ्चालन गरिनेछ ।

उत्पादन, उपभोग, व्यापार र लगानीका क्षेत्रमा देखा परेको शिथिलता अन्त्य गर्न आवश्यक नीतिगत सुधार गरिनेछ । आर्थिक क्रियाकलापलाई तीब्रता दिन पुँजीगत खर्च गर्नेक्षमता वृद्धि गरिनेछ ।

निजी क्षेत्रलाई आर्थिक वृद्धिका उत्तोलक (ग्रोथ इन्जिन) का रुपमा आत्मसात गर्दै त्यसको आत्मविश्वास, भरोसा र उत्साहलाई बढाउने तथा सरकार अभिभावक र प्रभावकारी सहजकर्ता हो भन्ने विश्वास दिलाउने गरी काम गरिनेछ । पुँजी बजारप्रतिको आम नागरिकको बढ्दो आकर्षणलाई ध्यानमा राखी नियामक निकायको संस्थागत प्रभावकारिता र पारदर्शितालाई सुदृढ गरी लगानीकर्ताको लगानी सुरक्षित गरिनेछ । आन्तरिक, वाह्य र गैरआवासीय नेपालीहरु समेतको लगानी वृद्धि गर्न नीतिगत, कानुनी र संरचनागत सुधार गर्दै लगानीमैत्री वातावरण निर्माण गरिनेछ ।

लगानी वृद्धिका लागि विकास फाइनान्सिङ्गका समय सापेक्ष वित्तय ढाँचाहरु उपयोगमा ल्याइनेछ ।

राष्ट्रिय आवश्यकता, सार्वजनिक ऋणको अवस्था, शर्तहरु लगायत पक्षलाई ध्यानमा राखेर वाह्य आर्थिक सहायता र ऋण परिचालन गरिनेछ ।

उत्पादन र उत्पादकत्व वृद्धि, वितरण र उपभोगको शृंखला (इकोसिस्टम) कायम गरिनेछ । स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहनमार्फत् राष्ट्रिय पुँजीको विकास गरिनेछ । स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्न सक्ने प्राथमिकता प्राप्त वस्तुहरुको सूची तयार गरी लगानी वृद्धि गरिनेछ र यस्ता वस्तुहरुमा मुलुकलाई क्रमश: आत्मनिर्भर बनाइनेछ ।

सन् २०२६ मा नेपाल अल्पविकसित राष्ट्रको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नत हुने समयसीमालाई ध्यानमा राख्दै त्यसको व्यवस्थित तयारी र त्यस उपलब्धिलाई दिगो राख्न आवश्यक अर्थनीति, वैदेशिक सहायता नीति, व्यापार नीति, पारवहन नीति लगायत तर्जुमा गरिनेछ ।

कृषि, पर्यटन, उर्जार सूचना प्रविधिको क्षेत्रलाई आर्थिक वृद्धिका संवाहकका रुपमा स्थापित गर्दै उच्च आर्थिक वृद्धिमा सहयोग गर्ने (हाइग्रोथ) व्यवसायका रुपमा विकास गरिनेछ ।

कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न आवश्यक नीतिगत र संस्थागत सुधार मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी किसानको आयस्तरमा सुधार गरिनेछ ।

बहुलता, विविधता र बहुसांस्कृतिक विशेषता तथा प्राकृतिक सौन्दर्यलाई नेपालको पहिचान, गौरव र सम्पदाको रूपमा स्थापित गर्दै पर्यटनको समग्र विकासमार्फत् आर्थिक विकास र रोजगारीमा टेवा पुऱ्याउने नीति लिइनेछ । आर्थिक वृद्धिदर बढाउन, आम नागरिकको जीवन सहज तुल्याउने, इन्धनमाथिको परनिर्भरता न्यून गर्न, औद्योगीकरणमा सहयोग पुऱ्याउन, व्यापार घाटा कम गर्न र नवीकरणीय ऊर्जाको प्रयोगमार्फत् वातावरणमा सुधार ल्याउन विद्युत् उत्पादन, विस्तार र विद्युतीकरणको नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

सूचना प्रविधिको सम्भावनालाई अधिकतम सदुपयोग गर्दै युवा रोजगारी र स्वरोजगारी तथा निर्यात व्यापारको माध्यमका रुपमा विकास गरिनेछ । आधुनिक सञ्चारमार्फत् जनताको सुसूचित हुने अधिकारको प्रत्याभूति गर्ने, प्रविधिमार्फत शिक्षा, स्वास्थ्य, उत्पादनलगायत जीवनका सबै क्षेत्रलाई सहज तुल्याउने काम गर्ने नीति लिइनेछ ।

विकासका आयोजनाहरु घोषणा हुने तर पर्याप्त बजेट र जनशक्तिको अभाव लगायत कारणले बर्षौसम्म पूरा नहुने अवस्था अन्त्य गरिनेछ । थालेका परियोजनाहरु समयमै सक्ने, प्रस्तावित योजनाहरुको प्राथमिकीकरण गर्ने, आवश्यकता, प्राथमिकता र पर्याप्त तयारीका आधारका मात्र नयाँ योजना स्वीकृत गर्ने, तदनुरुप स्रोत विनियोजन गर्ने र राज्यको कोष अनुत्पादक, छरिएका र दोहोरोपन भएका क्षेत्रमा दुरुपयोग हुन नपाउने सुनिश्चित गर्दै आर्थिक अनुशासनलाई बलियो बनाइनेछ ।

राष्ट्रिय पूर्वाधारमा अन्तर-निकाय समन्वयको समस्या समाधान गरिनेछ । पूर्वाधार विकासमा रहेको दोहोरोपन र भौगोलिक तथा प्रादेशिक असन्तुलन हटाइनेछ ।

यातायात र सडकलाई आर्थिक विकासका पूर्वाधार, आपूर्ति व्यवस्थाको मेरुदण्ड, उत्पादन र पर्यटन केन्द्रहरुसँगको सञ्जाल निर्माण, सेवा प्रवाह, नागरिकहरु बीचको अन्तरसम्बन्ध तथा आर्थिक अन्तर आबद्धताको मुख्य माध्यमका रुपमा विकास गरिनेछ ।

विकास व्यवस्थापन गर्ने निकायहरुको क्षमता अभिवृद्धि गरिनेछ । सम्पन्न कामको भुक्तानी समयमै गरिनेछ ।

राष्ट्रिय गौरवका, राष्ट्रिय प्राथमिकता प्राप्त र रणनीतिक महत्वका भनेर घोषणा गरिएका कार्यक्रमहरुको समग्र प्रगति तथा महत्वको पुनरावलोकन गर्दै समयमै सम्पन्न गर्न आवश्यक कदम चालिनेछ ।

खेल क्षेत्रलाई राष्ट्रको छवि अभिवृद्धिको प्रभावकारी माध्यम र युवाहरुको ऊर्जा विकासको आधारका रुपमा स्थापित गर्दै खेल, खेलाडी र खेल पूर्वाधारमा लगानी अभिवृद्धि गरिनेछ ।

पहाड र ग्रामीण क्षेत्रमा चुनौतीपूर्ण बनेको बसाइँसराइँको क्रमलाई न्यून गर्न विभिन्न राजमार्गहरुका समानान्तर कृषि उत्पादन करिडोर निर्माण गरिनेछ ।

**५. सामाजिक न्याय र मौलिक हकको कार्यान्वयन**

नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेका स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गरिनेछ । खाद्य सुरक्षाको प्रत्याभूति मार्फत् भोकमरी अन्त्य गरिनेछ । खानपिनको बानीमा सुधार गर्दै स्वस्थ, सन्तुलित र पोषणयुक्त खानालाई प्रोत्साहन गरिनेछ ।

भूमिमा किसानहरुको सहज पहुँच स्थापित गर्न, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत् सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ । सुकुम्बासी, मुक्त कमैया, हलिया, अव्यवस्थित बसोबासी, पुस्तौंदेखि गुठी जग्गा कमाइरहेका किसान र श्रमिकहरुका समस्या समाधान गरिनेछ ।

श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रुपमा स्थापित गरिनेछ । स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाइनेछ । वैदेशिक रोजगारीलाई सुरक्षित र सीप सिक्ने(स्कील गेन) माध्यम बनाउने नीति लिइनेछ ।

शिक्षालाई सबैको समान पहुँचमा पुऱ्याउन, राष्ट्र, समाज तथा जीवनसँग अझ गहिरो गरी जोड्न र समय अनुरुप गतिशील हुन सक्ने गुणस्तरीय र सिपमूलक शिक्षा नीति अवलम्बन गर्दै उद्यमशील र शिक्षित युवा उत्पादनको नीति लिइनेछ । राष्ट्रिय जनशक्ति प्रोफाइल निर्माण गरेर मुलुकको आर्थिक विकास र समृद्धिका लागि आवश्यक जनशक्तिको योजनावद्ध विकास गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउन स्वास्थ्य वीमाको विस्तार, पूर्वाधार र जनशक्ति निर्माण र स्वास्थ्य चेतनाको शृंखला निर्माण गरेर निरोगी नेपालको अवधारणालाई सार्थक तुल्याइनेछ ।

लैंगिक समानता, सामाजिक समावेशिता र समानता प्रत्याभूत गर्ने एवम् यस क्षेत्रमा प्राप्त उपलब्धिहरुलाई अझ दिगो, परिणाममुखी र सार्थक तुल्याइनेछ । प्रविधिको दुरुपयोग मार्फत्विस्तार भइरहेको महिला हिंसालाई अन्त्य गर्न प्रभावकारी कानुनी र संरचनागत प्रबन्ध गरिनेछ ।

दलित समुदाय लगायत पछाडि पारिएका समुदाय, क्षेत्र, अपाङ्गता भएका नागरिक लगायतका लागि संविधानले सुनिश्चित गरेको सामाजिक न्याय प्रत्याभूत गरिनेछ । वेसहारा, सडक बालबालिका र सडक मानवहरुको ससम्मान पुनर्स्थापना गरिनेछ ।

प्रत्येक पाँच जना नेपालीमध्ये एकजना निरपेक्ष गरिबीको रेखामुनि रहेको विद्यमान पीडादायी अवस्थालाई अन्त्य गर्न यस असीको दशकलाई गरिबी अन्त्यको दशकका रुपमा अगाडि बढाइनेछ ।

**६. युवा साझेदारी**

राजनीति, सार्वजनिक सेवा, आर्थिक विकास लगायत सामाजिक जीवनका

बाँकी पृष्ठ ६ मा


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## नेवार परिवारमा जन्मेका राजेशमान

# मधेशी पहिचानसँग अपनत्व



देशकै प्रमुख आर्थिक नगरी जो देशकै प्रमुख नाकाको रुपमा रहेको वीरगन्जले एउटा सक्षम, असल र दूरदर्शी नेतृत्व पाएको छ। मधेश प्रदेशको एक मात्र महानगर वीरगन्जको मेयरमा राजेशमान सिंह आफ्ना प्रतिस्पर्धीलाई झण्डै दोब्बर मतले पराजित गर्दै निर्वाचित भएदेखि परिवर्तनको आभास स्थानीयले गरिरहेका छन्। विकास, समृद्धि र सामाजिक सद्भावलाई बलियो बनाउँदै आफ्नो कार्यक्रम र योजनालाई अगाडि बढाउँदै आएका छन् मेयर राजेशमानले। एउटा गैरमधेशी समुदायका भएर पनि मधेशको मर्म र भावना उनको प्राथमिकतामा रहँदै आएको छ। मधेशमा बेलाबखत हिन्दू-मुस्लिम द्वन्द्व गराउनेहरु सलबलाउन थाल्छन्। त्यसको मुख्य स्थल वीरगन्ज नै देखिएको हुन्छ। तर, राजेशमानको सुझबुझ र दूरदर्शिताका कारण सामाजिक सद्भाव बलियो बन्दै गएको छ। विभिन्न तत्वहरुले द्वन्द्व गराउन खोज्दा पनि राजेशमानले राष्ट्रिय एकतालाई बलियो बनाउन नेतृत्वदायी भूमिका खेल्दै आएका छन्।

'विविधतामा एकता'ले नेपालको राष्ट्रियता र एकता बलियो रहेको कुरालाई हाम्रो संविधानले अंगीकार गरेको छ। 'बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल' भनेझैं यो मूल मर्मअनुसार मधेशका छोरा बालेन र पहाडी मूलका नेवार समुदायमा जन्मेका राजेशमान सिंह एउटा उदाहरण हुन्। राष्ट्रिय एकतालाई मजबुत बनाउन र सामाजिक सद्भावलाई बलियो बनाउने उदाहरणीय पात्रहरु हुन बालेन र राजेशमान। पहाडी मूलका हुँदा राजेशमानको मन र मष्तिस्कमा मधेश रहेको छ। नेवार परिवारमा जन्मेर पनि आफ्नो पहिचानलाई मधेशसँग जोडेर दिने गरेका छन् राजेशमान।

स्पष्ट वक्ता स्वभावका सिंहको व्यक्तित्वले युवाहरूमाँझ लोकप्रिय राजेशमान २०५४ सालमा स्थानीय निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट वीरगन्ज ३ छपकैयाको वडा सदस्यमा निर्वाचित भएका थिए। नवपरिभाषित राजनीतिक भाषामा उनी मधेश बस्ने पहाडि समुदायका मानिस भएपनि मधेश राजनीतिमा वीरगन्जको एउटा चर्चित नाम नै हो राजेशमान सिंह। नेवार परिवारमा जन्मे पनि 'मधेशको समाजभित्र हुर्केकोले मधेश पहिचानसँग अपनत्व रहेको छ। मधेशी समाजको उत्थानको मुख्य बाटो राज्यको सबै अंगमा मधेशीको मुलप्रवाहीकरण हो। यही विचारले उनलाई मधेशी नेताको रुपमा उनलाई चिनायो।

मधेश आन्दोलनमा राजेशमानको भूमिका वर्षौंदेखि राज्यको मूल प्रवाहबाट पछाडि पारिएको मधेशसँग विभेद र अन्याय भएको भन्दै ऐतिहासिक मधेश विद्रोह भयो। गैरमधेशी समुमदायबाट भएपनि राजेशमान सिंहको मधेश आन्दोलनमा रहेको साहसिक र प्रशंसनीय भूमिका महत्वपूर्ण रह्यो। पछिल्लो एक दशकदेखी मधेश र मधेशी समुदायको हक अधिकारका लागि उनको आवाज बुलन्द पाइन्छ। पछिल्लो मधेश आन्दोलनको बेला वीरगन्जमा सिंहले नेतृत्वदायि भुमिका गरे। मधेश आन्दोलनका बेला मधेशी र गैरमधेशीबीचको सामाजिक सद्भावलाई बलियो बनाउन उनले उल्लेखनीय योगदान दिएका हुन्। मधेश आन्दोलनको समर्थनमा राजेशमानले मधेशका पहाडी समुदायलाई उतारेका थिए। मधेशमा मधेशी र पहाडीबीच सुमधुर सम्बन्ध स्थापना गर्न उनको योगदान प्रशंसनीय रहेको मधेशका नागरिक अगुवाहरु बताउँछन्।

पछिल्लो समयमा साहिब दरवार सेवा संस्थान मार्फत उनी समाजिक कार्य तथा परोपकारका गतिविधि गर्दै आएका थिए। गरिबलाई निःशुल्क आँखा अप्रेशनजस्ता कार्य गरेको सो संस्थाले कोरोना कालमा हजारौंलाई निशुल्क भोजन गराएको थियो।

**मधेशी राजनीतिज्ञको रुपमा स्थापित**

राजेशमानको राजनीतिक यात्रा नेपाली कांग्रेसबाट भएपनि मधेश आन्दोलनदेखि मधेशी राजनीतिज्ञको रुपमा पहिचान बनाए। मधेशसँग विभेद भएको भन्दै आन्दोलनमा सक्रिय सहभागिता जनाउँदै मधेशी दलमा नै लागे। तत्कालीन शरत्सिंह भण्डारीको राष्ट्रिय मधेश समाजवादी पार्टीको केन्द्रीय नेता भएका थिए। यसपछि मधेशी राजनीतिक दलहरु जुन किसिमले एकीकरण र विभाजन हुँदा पनि मधेशी दलमै रहे। मधेशप्रति राम्रो भावना नराख्ने पार्टीमा उनी कहिल्यै पनि लागेनन्। पर्सा १ का सांसद प्रदीप यादवसँग उनको निकै निकट सम्बन्ध रहेको छ। मधेश र खासगरी पर्सा जिल्लाको समग्र विकासका लागि जहिले पनि प्रयासरत रहँदै आएका छन्। वीरगन्जको मेयर बन्नु भनेको अवसरले भरिएको र चुनौतीले घेरिएको एउटा महत्वपूर्ण जिम्मेवारी हो। उनको राजनीतिक सुझबुझ र नेतृत्व क्षमताको अग्नीपरीक्षामा अब्बल साबित हुँदै आएका छन्।

राजेशमान वीरगन्जको राजनीतिमा निरन्तर लागिरहेका छन्। २०५४ सालमा कांग्रेसबाट वीरगन्जको वडा सदस्य जितेका राजेशमानले त्यसयता राप्रपा, राष्ट्रिय मधेस समाजवादी पार्टी (रामसपा), राजपा, लोसपा, जसपा नेपाल लागिसकेका उनी हाल जसपामा छन्। आफूले मधेश केन्द्रित दलबाटै राजनीति गरेको र अब पनि यसमै रहने उनको दावी छ।

**फेरियो वीरगन्जको मुहार**

मधेश प्रदेशको एक मात्र महानगरको रुपमा रहेको वीरगन्जको मुहार र पहिचानमा निखार आएको छ। चुनावका बेला ठूलठूला आश्वासन होइन, उनले जनताको आधारभूत आवश्यकतालाई चुनावी एजेण्डा बनाएका थिए। उनी भन्छन्, 'मैले धेरै ठूला कुरा गरेको छैन। वीरगन्जवासीको दैनिक समस्या समाधान गर्न कोसिस गर्छु। जनताले खोजेको स्वास्थ्य, शिक्षा र सरसफाइमा पहिलो प्राथमिकता हो। पहिला जनतालाई यसैमा राहत दिन्छु। मेरो प्रमुख चुनौती यसमै छ। नाली बनाउनेदेखि सफा गर्नेसम्मको काम छ। यो मेरा लागि अवसर र चुनौती हो।' उनी आफ्नो प्रतिबद्धताअनुसार अहिले वीरगन्जको मुहारलाई नै परिवर्तन गरिदिएको छ। राजेशमानले वीरगन्जको मेयरको रुपमा निर्वाचित भएको दुई वर्षभन्दा बढी समय भएको छ। यो अवधिमा उनले आफ्ना अधिकांश प्रतिबद्धताहरु पूरा गरिसकेका छन्। वीरगन्जको पहिचान बदलिएको छ।

राजेशमानले चुनावमा राखेको अर्को प्रमुख एजेन्डा भनेको वीरगन्जको औद्योगिक करिडोरमा स्थानीयलाई रोजगारी दिने हो। निर्वाचनअघि हामीले कुरा गरेका कतिपय सर्वसाधारणको पनि यही गुनासो थियो। उनीहरूले औद्योगिक करिडोरमा आफूहरूले रोजगारी नपाएको बताएका थिए। राजेशमानमाथि वीरगन्जका सीमान्तकृतहरूको ठूलो आशा छ। उनीहरूले राजेशमान आएपछि आफ्ना धेरै समस्या समाधान हुने अपेक्षा गरेका थिए र ती अधिकांश अपेक्षाहरु पूरा भएका छन्। राम्रो काम गर्नेको खुट्टा तान्ने जहाँ पनि हुन्छन् तर मधेशमा यो प्रवृत्ति अलि बढी नै रहेको छ। मधेश र मधेशीप्रति समर्पित रही राजनीतिक यात्रालाई अगाडि बढाउँदै आएका वीरगन्जका मेयर युवा नेता राजेशमानलाई असफल बनाउन विभिन्न जालझेल र षड्यन्त्र भइरहेको छ। मधेशप्रति समर्पित राजनीतिज्ञप्रति षड्यन्त्र हुनु दुःखद हो। तर विकास र समृद्धि उनको मुख्य लक्ष्य रहेको राजेशमानलाई जनताको अपार साथ र समर्थन रहेको देखिन्छ।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**

धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**पिपरा गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश




सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**महोत्तरी गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश

# सबै पालिकाहरुमा शैक्षिक गुठी लागु गर्न सकिने कानूनमै व्यवस्था छ : प्रप्रअ साह

जलेश्वर । जलेश्वर नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा पूर्वशिक्षा शाखा प्रमुख जय कुमार साहले ७५३ वटै पालिकाहरुमा शैक्षिक गुठी लागु गर्न सकिने व्यवस्था नेपालको शिक्षा ऐनमै व्यवस्था रहेको बताएका छन् ।

प्रप्रअ साहले जलेश्वर नगरपालिका शिक्षा ऐन २०७५ अन्तर्गत अहिले सम्म जलेश्वर नगरपालिका भित्र नीजि शैक्षिक गुठी अन्तर्गत ५ वटा विद्यालयहरु संचालनमा रहेको बताए । साथै साहले अहिलेसम्म सो विद्यालय कक्षा ६ सम्म संचालनमा रहेको बताए ।

साहले ती विद्यालयहरु समयमै दर्ता, ईजाजत प्रमाणपत्र, प्यान पाई समयमै लेखा परीक्षण,व्यापार कर लगायतका शुल्क बुझाई संचालनमा रहेको समेत जानकारी गराए ।

कानून भनेको महोत्तरी जिल्लाको लागि मात्र नभई समग्र नेपालको लागि रहेकोले नयाँ विद्यालय संचालन गर्न शैक्षिक गुठी ऐन अन्तर्गत ईजाजत पाउनुपर्दछ । साहको अनुसार महोत्तरीको बलवा,लोहारपट्टी,एकडारा लगायतका पालिकाहरुमा नीजि शैक्षिक गुठी अन्तर्गत विद्यालयहरु संचालनमा छन् ।

त्यसैगरी यसै सम्बन्धमा एकडारा गाउँपालिकाको शिक्षा शाखा प्रमुख शिव शरण दासले ७ वटा विद्यालयहरु नीजि शैक्षिक गुठी अन्तर्गत यस पालिकामा संचालनमा रहेको बताए । संचालित विद्यालयहरु कक्षा ६ सम्म संचालनमा रहेको समेत जानकारी प्रमुख दासले गराए ।

साथै शैक्षिक गुठी अन्तर्गत बाल शिक्षा दर्ता निःशुल्क रहेको र आधारभूत विद्यालय दर्ताको लागि ५० हजार विद्यालयको नाममा जम्मा गर्नुपर्ने तथा कक्षा १ बाट अर्को कक्षामा कक्षा बृद्धिको लागि २ सयदेखि ३ सय रुपैया राजस्व शुल्क लिने प्राबधान रहेको प्रमुख दासले जानकारी गराए ।

त्यसैगरी महोत्तरीको मनरासिस्वा नगरपालिकाको शिक्षा संयोजक श्याम नन्दन सिंहले यस पालिकामा अहिलेसम्म शैक्षिक गुठी अन्तर्गत विद्यालयहरु संचालनमा नरहेको तर हामी शैक्षिक गुठी अन्तर्गत दर्ता तथा ईजाजत दिनको लागि ढोका खोलेर राखेको बताए ।

केही विद्यालयहरु ईजाजत नलिई संचालनमा रहेकाले ती विद्यालयहरुलाई शैक्षिक गुठी अन्तर्गत दर्ता दिन हामी तयार रहेको समेत जानकारी संयोजक सिंहले गराए ।

नेपाल सद्भावना पार्टीको केन्द्रीय कार्यालय जनकपुरधामले बिगत ६/७ वर्षदेखि जनकपुरधामका नीजि विद्यालयहरुलाई शैक्षिक गुठी अन्तर्गत ईजाजत नदिएको बिरुद्धमा २०८१ साल भाद्र २६ गते नगरप्रमुख मनोज कुमार साहलाई ईजाजत दिन ७ दिने अल्टिमेटम दिए पनि अहिलेसम्म जनकपुरधाम उपमहानगरको नगर प्रमुख र शिक्षा तथा खेलकुद महाशाखाले कुनै पनि प्रतिक्रिया नदिएको जानकारी नेपाल सद्भावना पार्टीको केन्द्रीय कार्यालयले जानकारी गराएको छ ।

जवकी शिक्षा ऐन २०२८ को दफा ३,जनकपुरधाम उपमहानगरपालिका शिक्षा ऐन २०७७,दोस्रो संशोधन मिति २०७९।०३।१० को बुँदा नं.– ५ को उपबुँदा १,२ र ३ को बमोजिम,शिक्षा नियमावली २०५९ को नियम ११ को व्यवस्था बमोजिम सार्वजनिक वा निजी शैक्षिक गुठीको विधान बमोजिम र नयाँ विद्यालय संचालन गर्ने तथा अनुमति दिने नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हकको (५) मा उल्लेख छ । यस सम्बन्धमा छिट्टै निर्णय लिने समेत नेसपाको कार्यालय स्रोत व्यक्तिले जानकारी गराए ।

## सरकारको...

हरेक क्षेत्रमा युवाहरुको साझेदारीलाई प्रोत्साहन, सम्बर्द्धन र संरक्षण गरिनेछ । उनीहरुलाई समृद्धिका संवाहकका रुपमा अगाडि बढाउँदै सर्वतोमुखी विकासका लागि वातावरण निर्माण गरिनेछ।

युवाहरुमा उद्यमशीलताको विकास गर्न आवश्यक परामर्श, सिप विकास, स्टार्टअप, उत्पादित वस्तुहरुको बजारीकरण र संरक्षणका लागि एकीकृत नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । आधुनिक प्रविधिहरुले विस्थापन गर्न सक्ने रोजगारीका क्षेत्र र यसले प्रदान गर्न सक्ने नयाँ अवसरहरुको सूक्ष्म अध्ययन गर्दै नयाँ सिकाइ, सिप र जनशक्तिको विकास गरिनेछ ।

नवप्रवर्तनलाई प्रवर्द्धन गर्न आवश्यक कानुनको यथाशीघ्र निर्माण गरी कार्यान्वयन गरिनेछ।

देशभित्र र बाहिरका विभिन्न प्रविधि कम्पनीहरुसँग नेपाली युवाहरुलाई जोड्न र स्वदेशमै रोजगारी निर्माणका लागि पहल गरिनेछ । विदेशबाट फर्किएका युवाहरुले आर्जन गरेको सिप, ज्ञान, अनुभव र स्रोतको अधिकतम सदुपयोग गर्ने नीति लागू गरिनेछ ।

**७. संक्रमणकालीन न्याय, दिगो शान्ति र सामाजिक सद्भाव**

भर्खरै प्रमाणीकरण भएको वेपत्ता व्यक्तिहरुको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी संशोधित ऐनका आधारमा शान्ति प्रक्रियाका बाँकी कामलाई निर्धारित समयसीमाभित्रै टुङ्ग्याउन तत्काल निष्पक्ष र सक्षम आयोग गठन गरिनेछ ।

पीडितको चासो र सरोकारलाई केन्द्रमा राखी सत्य स्थापित गर्दै न्याय, क्षतिपूर्ति, परिपूरण, र मेलमिलापका माध्यमबाट द्वन्द्व-सिर्जित पीडाको सम्बोधन गरिनेछ । सशस्त्र द्वन्द्वको पुनरावृत्ति नहुने कुरा सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

विविधता, बहुलता र बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषतालाई महत्वपूर्ण सामाजिक पुँजी, नेपालको पहिचान र सफ्टपावरका रुपमा आत्मसात गर्दै यसलाई थप सुदृढ गरिनेछ । सबैखाले संकीर्णता, अतिवाद र राष्ट्रिय एकतालाई कमजोर पार्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै सामाजिक सद्भावलाई प्रवर्द्धन गरिनेछ । राष्ट्रगौरवको भावनालाई सम्बर्द्धन गरिनेछ ।

**८. विविध**

जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गर्ने, वातावरणको सुरक्षा गर्ने र हरित अर्थतन्त्रको विकास गर्ने नीति लिइनेछ । 'सगरमाथा संवाद' जस्ता राष्ट्रिय र अन्य अन्तर्राष्ट्रिय मञ्चहरुमार्फत् जलवायु परिवर्तनका कारण निर्मित संकटका बारेमा विश्वलाई सुसूचित गराउने, नेपाल जस्ता पर्वतीय मुलुकका सरोकारबारे अन्तर्राष्ट्रिय लबिङ्ग गर्नेर वातावरण अनुकूलनमा नेपालको योगदानलाई स्थापित गर्ने नीति लिइनेछ।

जलवायु न्याय र जलवायु कोषबाट नेपालले पाउनु पर्ने न्यायोचित लाभका लागि कुटनीतिक लगायत विभिन्न पहल गरिनेछ ।


जाजरकोट र रुकुम (पश्चिम) मा पुनर्निर्माणको कामलाई तीव्रता दिँदै यसको समयबद्ध तालिका प्रकाशन गरी कार्यान्वयन गरिनेछ । बाढी, पहिरो, डुबान, चट्याब, आगलागी जस्ता प्राकृतिक विपत्तिबाट घरबार गुमाएकाहरुको पुनर्स्थापनाको स्वचालित पद्धति विकास गरिनेछ ।

सरकारमा सहभागी तथा सरकारलाई समर्थन गर्ने दलहरुसँग नियमित परामर्श गरी सरकारको कामलाई थप प्रभावकारी बनाइनेछ ।

महत्वपूर्ण राष्ट्रिय विषयहरु र सार्वजनिक सरोकारका गम्भीर प्रश्नहरुमा संसदमा प्रतिनिधित्व गर्ने दलहरुसँग नियमित संवाद गरिनेछ र सहमति निर्माणको प्रयास गरिनेछ।

समाजमा प्रायोजित ढंगले विस्तार गर्न खोजिएको नकारात्मक भाष्य, दुष्प्रचार, राष्ट्र र जनताको मनोबल खस्काउने प्रयास, भइरहेका उपलब्धिलाई समेत इन्कार गर्ने निषेधात्मक सोच र हीन भावनालाई अन्त्य गर्न तथ्यमाथि आधारित सकारात्मक बहस, रचनात्मक विमर्श र राष्ट्रको आत्मविश्वास बढाउने नीति लिइनेछ । यो मुलुक हामी सबैको हो, यसलाई समृद्ध, सबल र समुन्नत बनाउने दायित्व हाम्रो हो र हामी यसमा अवश्य सफल हुन्छौं भन्ने भरोसा स्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।

# उत्तरी छिमेकी चीनको चासो



दुई विशाल जनसंख्या र उदाउँदो आर्थिक शक्ति राष्ट्रको बीचमा नेपाल अवस्थित छ । नेपाललाई दुई ढुंगाबीचको तरुल भनेर भनिन्छ । लेण्ड लक्ड कन्ट्री नभई नेपाल लेण्ड लिंक्ड हो पनि भनिन्छ । भू-राजनीतिक उतारचढावका कारण पछिल्ला केही वर्ष यता मधेशमा उत्तरी छिमेकी चीनको चासो बढ्दै गएको छ । चीनबाट हरेक वर्ष उच्च राजनीतिक तहको नेपाल भ्रमण हुने गरेको छ । भ्रमण टोलीले मधेशकेन्द्रित दलका नेताहरूसँग पनि भेटघाट र छलफल गर्न थालेका छन् । किनभने पछिल्लो समयमा मधेशी दलहरू पनि महत्वपूर्ण राजनीतिक शक्तिका रूपमा देखिएकाले चीनले उनीहरूसँग सम्बन्ध बढाउन खोजेको देखिन्छ । चीनले मधेशकेन्द्रित दलबाट आफ्नो प्रभाव मधेशमा बढाउन असफल भएपछि रणनीति परिवर्तन गरेको बुझिन्छ ।

पछिल्लो समयमा चीनको प्राज्ञिक वृत्तले पनि मधेशबारे बाक्लै अध्ययन र बहस थालेको छ । पहिलो मधेश आन्दोलनलगत्तै चिनियाँ प्राध्यापक वाङ होङवेईले अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूले नेपालको तराईलाई अस्वाभाविक रूपमा अस्थिर बनाउन खोजेको कडा टिप्पणी गरेका थिए । चीनको नेपाल नीतिमा प्रभाव पार्ने हैसियत भएका वाङले दिएको एउटा अन्तरवार्तामा तराईमा अन्तर्राष्ट्रिय चलखेल बढ्दै गए चीन चुप लागेर नबस्नेसम्म बताएका थिए । उनको यस्तो टिप्पणीको नेपाल भित्र आलोचना भएपनि यसले मधेशप्रति चीनको झुकावको रूपमा अर्थ्याउने थालिएको थियो ।

चीनले अघिसारेको महत्वाकांक्षी परियोजना 'वान बेल्ट, वान रोड' (ओबिओआर) ले मधेशलाई पनि समेट्नुपर्ने चीनको धारणा थियो । नेपालको उत्तरी सीमासहित विभिन्न मुलुकसँग चीनको सिधा पहुँच हुने यो परियोजनालाई चीनले हालैका दिनमा 'द बेल्ट एन्ड रोड'को नाम दिँदै आएको थियो । चीनले संसारभर आफ्नो प्रभाव बढाइरहेको छ। त्यस क्रममा विभिन्न देशसँग उसको संलग्नता अनेकौं तरिकाले बढिरहेको छ। विकासोन्मुख देशहरूमा विभिन्न तरिकाले चीन प्रवेश गरिरहेको पाइन्छ। विश्वशक्ति राष्ट्रको दौडमा अग्रस्थानमा आइपुगेको चीनलाई संसारमा आफू स्थापित हुन खोज्ने होड चल्नु स्वाभाविक हो। सोही क्रममा नै उसले 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बीआरआई)को धारणा अघि सारेको हो। बीआरआई परियोजनाको व्यापक विरोध भइरहेको छ । चिनियाँ ऋणमा कुनै पनि सहयोग लिनु हुँदैन भनेर बहस चलिरहेको छ । चीनको ऋण भनेको ठूलो बोझिलो रहेको बताइन्छ ।

नेपालको मधेश क्षेत्र र भारतको सुमधुर सम्बन्ध रहेको छ । नेपालको आधार क्षेत्र मानिने मधेशमा चिनियाँ उपस्थिति बढाएर मधेश र भारतको सम्बन्धमा दरार पैदा गर्ने गतिविधिहरु गरिरहेका छन् । राजनीतिक र सांस्कृतिमा रुपमा नजिक रहेको मधेश र भारतको सम्बन्ध बिथोलेर आफ्नो प्रभाव विस्तार गर्ने काममा चिनियाँहरु लागिरहेको विश्लेषकहरु बताउँछन् । मधेशले चिनियाँहरुको प्रवेशप्रति विरोध गरे पनि केन्द्र सरकारले भने यसलाई गम्भीरतापूर्व लिएको देखिँदैन ।

मधेशमा आफ्नो प्रभाव र पकड बनाउन चीन असफल भइरहँदा नयाँ उपाय अपनाउन लागेको देखिन्छ । नेपालका हिन्दू र मुस्लिम समुदाय मिलेर बसिरहेको बेला त्यसमा चीनले आफ्नो हस्तक्षेप गर्न लागेको स्रोत बताउँछन् । आफ्नै देशका मुस्लिममाथि अत्याचार गरेको चीनले नेपालका मुस्लिम समुदाय खासगरी मधेशको मुस्लिमप्रति सहानुभूति देखाउन थालेको छ । स्रोतका अनुसार चीनले मधेशका मदरसाहरुमा चिनियाँ भाषामा पठनपाठनका लागि पनि रणनीति बनाएको बुझिएको छ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

विश्व परिवेश

# भारत र अमेरिका बलियो रक्षा र प्रौद्योगिकी सहयोगका लागि आधार निर्माण गर्दै



भारत र संयुक्त राज्य अमेरिका ले १६ सेप्टेम्बर २०२४ मा नयाँ दिल्लीमा आफ्नो पछिल्लो द्विपक्षीय २+२ अन्तर-सत्र बैठक आयोजना गरेका छन्, जुन दुई देशको विकासशील साझेदारीमा महत्वपूर्ण प्रगति हो। यस बैठकले रणनीतिक सहयोग, रक्षा, प्रविधि, र आर्थिक सम्बन्धहरूमा ध्यान केन्द्रित गर्यो, जसले २०२३ को नवम्बरमा भएको अन्तिम मन्त्री स्तरीय संवादमा भएको प्रगति अनुगमन गर्यो।

बैठकको सह-अध्यक्षता दुवै देशका वरिष्ठ अधिकारीहरूले गरे। भारतको प्रतिनिधिमण्डलमा विदेश मन्त्रालयका संयुक्त सचिव (अमेरिका) नागराज नाइडु र रक्षा मन्त्रालयका संयुक्त सचिव ( अन्तर्राष्ट्रिय सहयोग) विश्वेश नेगी थिए। अमेरिकी पक्षको नेतृत्व सहायक विदेश मन्त्री डोनाल्ड लु र प्रधान उप सहायक रक्षा मन्त्री जेडिडियाह पी. रोयलले गरे। यी अधिकारीहरूले अन्तिम मन्त्री स्तरीय संवादपछि भएका विकासहरूलाई पुनरावलोकन गर्दै भारत-यूएस व्यापक वैश्विक रणनीतिक साझेदारीलाई सुदृढ बनाउनको लागि प्रतिबद्धता व्यक्त गरे।

चर्चाहरूले द्विपक्षीय एजेण्डालाई विभिन्न महत्त्वपूर्ण क्षेत्रहरूमा अगाडि बढाउनेमा केन्द्रित थिए, जसमा रक्षा सम्बन्ध, प्रविधि सहकार्य, र अन्तरिक्ष सहयोग समावेश थियो। अन्तर-सत्र बैठकको एक प्रमुख फोकस रक्षा र प्रविधि सहकार्यलाई सुधार गर्नु थियो, र दुवै राष्ट्रले मुक्त, खुला, र समावेशी इन्डो-प्यासिफिक क्षेत्रको लागि प्रतिबद्धता व्यक्त गरे। अधिकारीहरूले समुद्री डोमेनको चेतना सुधार गर्ने र क्षेत्रका महत्वपूर्ण समुद्री मार्गहरूको सुरक्षा सुनिश्चित गर्ने महत्त्वलाई पनि दोहोर्याए।

भारत र अमेरिका ले सुरक्षा सहयोगमा महत्वपूर्ण प्रगति गरेका छन्, विशेष गरी रक्षा प्रविधि र व्यापार पहलहरूमा। यसले भारतको रक्षा क्षमताहरूलाई सुदृढ गर्न र स्वावलम्बी रक्षा उद्योगको विकास गर्नको लागि महत्त्वपूर्ण छ।

आर्थिक सहयोग पनि एक महत्त्वपूर्ण विषय रह्यो। संघीय वित्त मन्त्री निर्मला सीतारामनले हालै अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगमको प्रतिनिधिमण्डलसँग बैठक गरे, जसले दुई देशबीचको आर्थिक सम्बन्धको वृद्धि दर्शाउँछ। स्वच्छ ऊर्जा र नवाचार जस्ता क्षेत्रहरूमा भारतमा लगानीका अवसरहरू बढ्दो चासो प्राप्त गर्दैछन्। बैठकले स्वच्छ ऊर्जा र प्रविधि नवाचारमा गहिरो सहयोगको आधार पनि तयार गर्यो। दुवै राष्ट्रले स्वच्छ ऊर्जा स्रोतहरूमा संक्रमणलाई तीव्र बनाउनको लागि रणनीतिक स्वच्छ ऊर्जा साझेदारीमा प्रगति गरेका छन्। अमेरिका भारतका स्वच्छ ऊर्जा लक्ष्यहरूलाई प्रविधि स्थानान्तरण र लगानीमार्फत सहयोग गर्न महत्वपूर्ण भूमिका खेलिरहेको छ।

द्विपक्षीय मुद्दाहरू बाहेक, भारत र अमेरिका ले क्षेत्रीय र विश्वव्यापी चुनौतीहरूमा विचार-विमर्श गरे। दुवै राष्ट्रले इन्डो-प्यासिफिकमा सुरक्षा चासोहरू र चीनको बढ्दो चुनौतिहरूसँग कसरी निपट्ने विषयमा छलफल गरे। तिनीहरूले मध्य पूर्वको अवस्था र रूस-यूक्रेन संघर्षको विषयमा पनि विचार विनिमय गरे, जसले उनीहरूको प्राथमिक वैश्विक मुद्दाहरूमा एकता दर्शाउँछ।

दुई देशबीचको जनसङ्केत सम्बन्धलाई पनि महत्त्व दिनु पर्यो। भारत र अमेरिका बीचको सांस्कृतिक र शैक्षिक आदान-प्रदान निकै सशक्त छ, जसमा लाखौं भारतीय मूलका व्यक्ति अमेरिका मा बसोबास गरिरहेका छन्। यसले गहिरो समझ र सहयोगको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ।

२+२ अन्तर-सत्र बैठकले त्रिकोणीय सहयोगको बारेमा पनि छलफल गर्यो, विशेष गरेर जापान र अस्ट्रेलियासँग। भारत र अमेरिका क्वाडलाई सुदृढ गर्न सक्रिय रूपमा संलग्न छन्, जसले खुला र स्वतन्त्र इन्डो-प्यासिफिकको प्रवर्द्धन गर्दछ र समुद्री सुरक्षा र आर्थिक सहयोग सुनिश्चित गर्दछ।

यस बैठकले आगामी २+२ मन्त्री स्तरीय संवादको लागि आधार तयार गर्दछ, जहाँ दुवै देशले आफ्नो साझेदारीलाई थप अगाडि बढाउनको लागि प्रयास गर्नेछन्। भारत र अमेरिका बीचको सम्बन्ध विस्तार हुँदै जाने क्रममा, दुवै राष्ट्रले इन्डो-प्यासिफिक र त्यसपार शान्ति, स्थिरता, र समृद्धिको प्रवर्द्धनमा प्रतिबद्धता जनाएका छन्। २+२ संवाद प्रारूपले वैश्विक मुद्दाहरूको समाधान र सहयोगको प्रवर्द्धनमा महत्त्वपूर्ण प्लेटफर्मको रूपमा कार्य गर्नेछ।

*-इण्डिया न्यूज नेटवर्क*




जिल्ला समाचार

## स्वास्थ्य संस्थाको अनुगमनलाई थप कडाइ गरिने : मुख्यमन्त्री सिंह

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले स्वास्थ्य संस्थाहरुको अनुगमनलाई थप कडाइ गर्ने बताएको छ। सोमबार जनकपुरधाममा मधेश प्रदेशमा स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदार र सरकारी निकायबीच छलफल कार्यक्रममा मुख्यमन्त्री सिँहले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच पुर्याउन स्वास्थ्य संस्थाको प्रमुख दायित्व रहेकोले सो सुनिश्चित गर्न निर्देशन दिएको छ। मुख्यमन्त्री सिँहले विकास साझेदारसँग मधेशको विकासमा साझेदारी गर्दै अगाडि बढ्ने नीति भएकोले नागरिकले महशुस गर्ने गरी विकास गर्न विकास साझेदार संस्थाहरुलाई अनुरोध गरे। मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले विकास साझेदार र सरकारको समन्वात्मक र सहकार्यले मात्र उपलब्धी हासिल गर्न सक्ने बताए। कार्यक्रमको अध्यक्ष एवं मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रदेश सचिव डा.संजय कुमार ठाकुरले मधेशको स्वास्थ्य क्षेत्रमा धेरै लगानी गर्नुपर्ने आवश्यकता रहेको औल्याए ।उनले विकास साझेदार र सरकारीबीच नीतिगत तथा कार्यक्रमतहमा सहकार्य र समन्वय आवश्यक रहेको बताए ।दोहोरोपना अन्त्य गर्नु , सामाजिक सचेतिकरणलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। कार्यक्रममा जिल्ला, प्रदेशका स्वास्थ संस्थाका प्रतिनिधि, संयुक्त राष्ट्रसंघीय निकाय तथा एआईएनका प्रतिनीधिहरुले आफ्नो कार्य प्रगति र आगामी कार्यदिशा बारे धारणा राखेको थियो ।

## दर्जनौ कार्यकर्ता जसपामा प्रवेश

राकेश यादव, रौतहट । विभिन्न पार्टी परित्याग गरी दर्जनौ नेता कार्यकर्ता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । जनता समाजवादी पार्टी नेपाल रौतहट जिल्ला कार्य समितिले सोमबार गरुडा नगरपालिका-५ महम्मदपुरस्थित रहेको गोपाल सेवा समिति धर्मशालामा आयोजना गरेको विस्तारित बैठक एवं पार्टी प्रवेश कार्यक्रममा नेकपा एमाले, नेकपा एकीकृत समावादी, नेकपा माओवादी लगाएत दलबाट दर्जनौको संख्यामा नेता कार्यकर्ताहरु जसपा नेपालमा प्रवेश गरेका हुन् । विगतमा जसपा नेपाल छाडेर अन्य पार्टीमा गएकाहरु पुनः पार्टीमा फर्किएका छन् । केही कारणले गर्दा पार्टीबाट असन्तुष्ट भइ अन्य पार्टीमा गएका उनीहरु फेरि आफ्नै पुरानो घर जसपा नेपालमा फर्केका हुन् । कार्यक्रममा माधवनारायण नगरपालिका-२ खेसरहियाका पूर्ववडा अध्यक्ष हनुमान सहनी, माधवनारायण नगरपालिका-६ माधोपुरका वडा अध्यक्षका प्रत्यासी हरिनारायण प्रसाद यादव, नेता चन्देश्वर साह तेली, दुर्गा भगवती गाउँपालिका-२ भलोहियाका वडा अध्यक्षका प्रत्यासी रमेश महतो, माधवनारायण नगरपालिका-३ भेल्हीका रामइश्वर यादव सहितका नेता कार्यकर्ताहरु जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । केन्द्रीय उपाध्यक्ष गोविन्द चौधरीले टिका र माला लगाएर उनीहरुलाई पार्टीमा स्वागत गरेका हुन् । उपाध्यक्ष चौधरीको हातबाट टिका माला लगाएर राजनीतिमा राम्रो पकड र जनमत भएका नेता कार्यकर्ताहरु जसपा नेपालमा प्रवेश गरेको पार्टीका जिल्ला अध्यक्ष श्याम विहारी यादवले जानकारी दिए । पार्टी छाडेर गएका नेता कार्यकर्ताहरु पुनः आफना पुरानै घरमा आएपछि रौतहटमा जनता समाजवादी पार्टी नेपाल अझै बलियो र मजबुत भएको पार्टीका जिल्ला अध्यक्ष यादवले बताए । पार्टीको केन्द्रीय समितिको निर्णय अनुसार चार महिने जनतासँग जनता समाजवादी पार्टी नेपाल आधारभूत संगठन निर्माण अभियानअन्तर्गत आफूहरुले विभिन्न नेता कार्यकर्ताहरुलाई पार्टी प्रवेश गराएर संगठन निर्माण र पार्टीलाई बलियो बनाउने अभियानमा लागेको अध्यक्ष यादवको भनाइ रहेको छ ।

कार्यक्रममा बोल्दै जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष गोविन्द चौधरीले मिसन २०८४ लाई ध्यानमा राख्दै पार्टीलाई अझै मजबुत र बलियो बनाउने कार्यमा अहिलेदेखि नै लाग्न सम्पूर्ण नेता कार्यकर्ताहरुलाई आग्रह गरेका छन् । पार्टी प्रवेश कार्यक्रममा जसपा नेपालका केन्द्रिय सदस्य एवं मधेश प्रदेशका पूर्व कृषि राज्य मन्त्री योगेन्द्र यादवले मधेश र मधेशी जनताको अधिकार तथा पहिचान दिलाउने एक मात्र पार्टी जसपा नेपाल मात्र रहेको बताउँदै जसपा नेपालमा सबैजनालाई लाग्न आग्रह गरेका हुन् । ठुला ठुला दलहरु मधेशी जनताको भोट मात्र ठग्ने गरेको र अधिकार दिन नचाहेकोले आउँदो निर्वाचनमा मधेशी विरोधी पार्टीहरुलाई पराजित गर्नुपर्ने धारणा नेता यादवले जोड दिए । कार्यक्रममा पार्टीका केन्द्रीय कार्यकारीणी समिति सदस्य किशोरी यादव, विश्वनाथ पटेल, मधेश प्रदेशकी रास्ट्रिय सभा सदस्य पुजा चौधरी, प्रदेश सांसद सोभा देवी साह, पार्टीका मधेश प्रदेश अध्यक्ष बालकिशोर यादव, केन्द्रीय सदस्य एवं मधेश प्रदेशका पूर्व खानेपानी राज्य मन्त्री अब्बुल कलाम आजाद भन्ने शेख फुलबाबु, केन्द्रीय सदस्य किरण ठाकुर लगाएतका नेताहरु आ-आफना धारणा राख्दै पार्टी संगठनलाई मजबुत बनाउने बिषयमा जोड दिएका थिए ।

## ४३ किलो गाँजासहित दुई पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-१५ दुई नम्बर ढाँटस्थितबाट अवैध लागूऔषध गाँजा ४३ किलोग्राम सहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बिराटनगर महानगरपालिका-१५ बस्ने ३२ वर्षीय गणेश चौधरी र सोही महानगरपालिका-१३ बस्ने २२ वर्षीय रोजेश परियार रहेका छन् ।

इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेको बा.८ च ७८८० नम्बरको कारलाई जाँच गर्ने क्रममा लुकाई छिपाई राखिएको उक्त परिमाणको गाँजा फेला पारी चालक गणेश र कारमा सवार रोजेशलाई पक्राउ गरेको हो ।

## यौन शोषणको आरोपित वडा अध्यक्षको राजीनामाको माग

राकेश यादव, रौतहट । रौतहटको मौलापुर नगरपालिका वडा नम्बर ९ सोनरनियाका स्थानीयहरुले शोषणको आरोप लागेका वडा अध्यक्षलाई कारबाहीको माग गर्दै शुक्रबार बिरोध प्रदर्शन गरेका छन् । गाउँकै एक दलित समुदायकी महिलालाई विभिन्न प्रलोभन देखाइ पटक पटक यौन शोषण गर्दै आएका सोही वडाका वडा अध्यक्ष श्याम किशोर साहको राजीनामाको माग गर्दै स्थानीयहरुले शुक्रबार दिउँसो प्रदर्शन गर्दै वडा अध्यक्षको कार्यकक्षमा तालाबन्दी समेत गरेका हुन् ।

स्थानीयहरुले प्लेकार्डसहित् सोनरनिया गाउँभरी परिक्रमा गरी साहको विरुद्ध चर्को नाराबाजी गरेका थिए । स्थानीयहरुले महिलालाई यौन शोषण गर्ने वडा अध्यक्ष श्याम किशोर साह राजीनामा दे, चरित्रहीन गुण्डा वडा अध्यक्ष चाहिदैन, वडा अध्यक्ष साहलाई पक्राउ गर सरकार जस्ता नारा लगाएका थिए । केही दिन अघि मात्र सोनरनिया गाउँकै दलित समुदायकी एक विवाहित महिलाले वडा अध्यक्ष साहमाथि यौन शोषण गरेको आरोप लगाएकी थिइन् ।

आफुलाई विवाह गर्ने आश्वासन दिएर वडा अध्यक्ष साहले विगत ५ वर्षदेखि यौन शोषण गरेको र अहिले विवाह गर्न नमान्दा आफू ठूलो समस्यामा परेको भन्दै ती महिलाले न्यायको माग गरेकी थिइन् । यौन शोषणको घटना सामाजिक संजालमा सार्बजनिक भएपछि मौलापुर नगरपालिकाले यस घटनाबारे सत्यतथ्य बुझी दोषीलाई कारबाही गर्न भन्दै यहि भदौ ७ गते उपमेयरको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो । नगरपालिकाले विज्ञप्ति नै जारी गरि भदौ ७ गतेदेखी १५ दिन भित्रमा छानबिन गरि प्रतिवेदन सार्वजनिक गर्ने जनाएको थियो तर नगरपालिकाले प्रतिवेदन सार्वजनिक गर्न दिएको १५ दिनको समय समाप्त भएपनि अझै प्रतिवेदन सार्वजनिक गर्न सकेको छैन । नेकपा माओवादी केन्द्रको टिकटबाट रौतहट क्षेत्र नम्बर ३ को प्रतिनिधिसभा सदस्यका लागि चुनाव लडेका सांसदका प्रत्याशी धिरज पटेलले मौलापुर नगर प्रमुख रिना देवि साहले प्रतिवेदन सार्वजनिक नगरि दोषी वडा अध्यक्ष साहलाई कारबाही गर्नुको सट्टा जोगाउन खोजेको आरोप लगाएका छन् । १५ दिन भित्रमा नगरपालिकाले सत्य तथ्य बुझी दोषी वडा अध्यक्षलाई कारबाही गर्न पाँच सदस्यीय छानबिन समिति गठन गरेको तर १५ दिन बितिसक्दा पनि पालिकाले अझै प्रतिवेदन सार्वजनिक नगर्नुले नगर प्रमुख साहले वडा अध्यक्ष साहलाई कारबाही गर्ने पक्षमा नरहेको कुरा आफ्नो बुझाइ रहेको नेता पटेलले बताए ।

# भारतको सहयोगमा निर्मित विद्यालयको भवन उद्घाटन



काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. १.१३ करोड आर्थिक सहयोगमा निर्माण गरिएको भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन भएको छ ।
सोमबार भक्तपुर क्षेत्र नं २, प्रतिनिधि सभाका सांसद दुर्लभ थापा क्षेत्री, जिल्ला समन्वय समितिका प्रमुख ईश्वर बहादुर थापा, सूर्यविनायक नगरपालिकाका उप-प्रमुख सरिता तिमसिना (भट्टराई) र काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव अविनाश कुमार सिंहले संयुक्त रुपमा उद्घाटन गरेका छन् ।
उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।
'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयलाई आवश्यक अन्य सुविधासँगै तीन तल्ले विद्यालय भवनको निर्माणमा उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो । जिल्ला समन्वय समिति, भक्तपुरमार्फत यो परियोजनाको कार्यान्वयन गरिएको थियो ।
प्रतिनिधि सभाका सांसद, जिल्ला समन्वय समितिका प्रमुख, सूर्यविनायक नगरपालिकाका प्रमुख, उप-प्रमुख, राजनीतिक प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आ-आफ्नो मन्तव्यमा प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उत्थानका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरेका थिए ।
सन् १९५२ मा प्राथमिक विद्यालयको रुपमा श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयको स्थापना भएको थियो जुन सन् १९९५ मा माध्यमिक तहमा स्तरोन्नत भएको थियो । यो विद्यालय जिल्लाकै पुरानो विद्यालय मध्येको एक हो ।
नर्सरीदेखि कक्षा १२ सम्म अध्यापन हुने यस विद्यालयमा कुल विद्यार्थी संख्या करिब ८०० जना छन् जसमध्ये ४५ % छात्राहरु रहेका छन् ।
श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई गुणस्तरिय शिक्षा सुविधा प्रदान गर्न नवनिर्मित संरचना उपयोगी हुनेछ । साथै सिकाइको राम्रो वातावरण सिर्जना गरी यस क्षेत्रको शिक्षाको विकासमा योगदान पुऱ्याउनेछ ।
नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ ।
यस उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

## आर्थिक समाचार

# प्रभु बैंकद्वारा गण्डकी प्रदेशमा शैक्षिक केन्द्र (एजुकेशन हव) स्थापना



काठमाडौं । प्रभु बैंक लिमिटेडले आफ्नो सेवा परिस्कृत गर्ने कममा गण्डकी प्रदेश कार्यालय अन्तर्गत स्वदेश तथा विदेशमा उच्च शिक्षा हासिल गर्न जानेहरुका लागि आवश्यक शैक्षिक कर्जा सहज तथा सरल रुपमा उपलब्ध गराउने उद्धेश्यले गण्डकी प्रदेश कार्यालय, पोखरामा शैक्षिक केन्द्र (एजुकेशन हव) स्थापना गरेको छ ।
स्वदेश तथा विदेशमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको लागि प्रदेशस्तरबाट उपलब्ध हुन सक्ने सहज भुमिकालाई मध्यनजर गर्दै प्रभु बैंक लि. गण्डकी प्रदेश कार्यालय अन्तर्गत उक्त विभाग स्थापना गरिएको हो ।
हाल नेपालबाट उच्च शिक्षा हासिल गर्नको लागि विद्यार्थीहरु विभिन्न देशका कलेज तथा विश्वविद्यालयमा भर्ना हुनका लागि आवश्यक वित्तिय लागत परिपुर्ति गर्नको लागि आवश्यक पर्ने कर्जाको सहज उपलब्धतामा टेवा पुग्ने विश्वास गरिएको छ ।
सिमित वित्तिय स्रोत साधनका कारण आफ्ना सन्ततीहरुलाई उच्च शिक्षा प्रदान गर्नबाट बञ्चित रहेको समसामयिक परिप्रेक्षलाई मध्यनजर गरी छिटो छरितो र सहज तरिकाले शैक्षिक कर्जा प्रदान गर्ने हेतुले यस प्रभु बैंक लि., गण्डकी प्रदेश कार्यालय अन्तर्गत उक्त शैक्षिक केन्द्र स्थापना गरी प्रभु बैंक लि.को सेवालाई थप प्रभावकारी बनाईने प्रतिबद्धता व्यक्त गरेको छ ।
शैक्षिक कर्जा सुविधा उपभोग गर्नका लागि यस बैंकको प्रदेश कार्यालयको शैक्षिक केन्द्र तथा गण्डकी प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरुमा सम्पर्क राखी ५ दिनभित्रै कर्जा स्वीकृत हुने व्यवस्था मिलाएको छ ।
उक्त शैक्षिक केन्द्र, गण्डकी प्रदेशको समुद्घाटन प्रमुख व्यवसाय केन्द अधिकृत श्री शान्ती शेरचनज्यूबाट गरिएको थियो ।
प्रभु बैंक लि. ले आफ्नो बैंकको सेवालाई परिस्कृत गर्दै जाने क्रममा गण्डकी प्रदेश कार्यालय अर्न्तगतका सम्पुर्ण शाखा कार्यालयहरुबाट सरल र सहज रुपमा नियमित बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

# काठमाडौं मनाइयो हिन्दी दिवस



काठमाडौं । हिन्दी दिवसको अवसरमा नेपालस्थित भारतीय राजदूतावासले साहित्यिक कार्यक्रम आयोजना गरेको छ ।
नेपाल-भारत पुस्तकालयमा एक कार्यक्रम आयोजना गरी राजदूतावासले हिन्दी दिवस मनाएको हो । उक्त कार्यक्रममा नेपाली र हिन्दी साहित्यको तुलनात्मक अध्ययनका प्रमुख विद्वान प्रा रामदयाल राकेश प्रमुख अतिथि थिए ।
सो अवसरमा अन्य विद्वानहरुले पनि आफ्नो धारणा राखेका थिए । यसका साथै केन्द्रीय विद्यालय, काठमाडौंका विद्यार्थीहरूका लागि हिन्दी कविता वाचन पनि आयोजना गरिएको थियो । कार्यक्रममा विद्यार्थी, लेखक, कवि र हिन्दी प्रेमीहरूको उपस्थिति थियो।

## संयुक्त...

शासन मजबूत गर्नेतिर बहस किन भइरहेको छैन भन्ने प्रश्न उठाए । उनले अग्रगामी संविधान संशोधनको मांग गर्दै प्रतिगामी कुरा गरे कडा संघर्षको बाध्यता हुने चेतावनी दिए ।
नेकपा माओवादी केन्द्रका नेता मातृका यादवले मधेशको मुद्दाको मामिलामा मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल डटेर संघर्ष गर्ने कहिल्यै पछाडि नहुने भन्दै पूर्ण समानुपातिक निर्वाचन पद्धति, समानुपातिक समावेशिताको गारन्टी र समग्र मधेश एक प्रदेश हाम्रो लक्ष्य रहेको बताए । वहाँले प्रतिगमनको हामीले डटेर मुकाबिला गर्नेछौं र यसको निमित्त हामी तयार छौं भने ।
खबरदारी सभामा प्रायस: सबै वक्ताहरुले संविधान संशोधन गरी प्रदेशको सीमांकनमा पहचान आधारित सुधार र समग्र मधेश एक प्रदेश, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक निर्वाचनको क्षेत्र प्रदेश हुनु पर्ने, थ्रेस होल्ड हटाइनु पर्ने, प्रादेशिक राजनीतिक दलहरुलाई मान्यता दिनु पर्ने, मांग राखेका थिए ।
वक्ताहरुले प्रतिनिधिसभाबाट समानुपातिक निर्वाचन हटाइने प्रस्तावको कडा बिरोध गरेका थिए । नेपाली काँग्रेस र नेकपा एमालेले पंचायतको एक दलीयताको तर्जमा दुईदलीयता लाद्न खोजेको र बहुदलीयता मास्ने षडयन्त्र गरिरहेको आरोप वक्ताहरुको थियो ।
संयुक्त मधेश संघर्ष समितिले मधेशका सबै जिल्लाहरुमा यस्तै खबरदारी सभा आयोजन गरी आन्दोलनको तयारी गर्ने समेत बताइएको छ ।
उक्त सभामा सबै संघीयतावादी पहचानवादी दलहरुलाई सत्ताको दलदलबाट निस्केर गोलबन्द हुन आह्वान गरिएको छ ।


## नेपालको संविधानका मुख्य विशेषताहरु

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संविधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन् । **त्यसैले संविधानको पालना गर्न सबैको कर्तव्य हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं